# बुद्धको जीवनी

र

# दर्शन



अनुवादीका

**अनागारीका धर्मसीला**

Downloaded from http://www.dhamma.digital

# बुद्धको जीवनी

# र

# दर्शन

अनुवादीका

अनागारीका शर्न सिला

वसुन्धरा विहार

Downloaded from http://www.dhamma.digital

प्रकाशकः–

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

धर्मकीर्ति विहार, श्रीघः, नघल टोल

काठमाण्डौं ।

बुद्ध सम्वत — २५३३

नेपाल सम्वत — १११०

ईश्वी सम्वत — १९९०

विक्रम सम्वत — २०४६

प्रथमावृति — १०००

मुद्रकः–

**श्रीनगर छापाखाना**

भिमसेन टोल, तानसेन, पाल्पा

फोन नं. २०,२२४

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital



श्री भिम प्रसाद श्रेष्ठ, श्रीमती मिथीला श्रेष्ठ

Downloaded from http://www.dhamma.digital

# दुई शब्द

यो बुद्ध जीवनी र दर्शन नामक पुस्तिका धर्मकीर्ति विहार को १२९ सौं पुस्तिकाको रुपमा पाठकहरूको सामु राख्न पाउँदा साह्रै खुसी र हर्षित छु। प्रस्तुत पुस्तक अंग्रेजी 'The Life of Buddha' को नामले लण्डनका प्रसिद्ध प्रकाशक जार्ज एलन एण्ड अनविन द्वारा प्रकाशित गरिएको थियो। यसै अंग्रेजी पुस्तकलाई हिन्दीमा डा० सद्धातिस्स मोदीज्यूले अनुवाद गर्नु भएको थियो !

बुद्ध जीवनी र दर्शन जस्तो गहन विषयमा अध्ययन गर्ने इच्छा धेरै जसो पाठकहरूलाई भएता पनि हिन्दी भाषा नबुझ्ने कतिपय नेपालीहरुको लागि यसबाट अनभिज्ञता रहेको महसुस गरी नेपाली भाषामा पढ्न अध्ययन गर्न पावस भन्ने हेतुले अनागारिका शर्नसिलाले यो पुस्तिका नेपाली भाषामा अनुवाद गर्नु भएको र सुश्री शोभा शाक्य तानसेनले संशोधन गर्नु भएको छ।

प्रस्तुत पुस्तिका प्रकाशित गर्नको लागी श्री भिम प्रसाद श्रेष्ठ र उहाँकी धर्मपत्नी श्रीमती मिथीला श्रेष्ठज्यूबाट सम्पूर्ण आर्थिक

Downloaded from http://www.dhamma.digital

भार बहन गर्नुं भएको छ । उहाँहरुको बौद्ध धर्म प्रतिको श्रद्धा भक्तिको प्रतिकको स्वरुपमा नै यो पुस्तिका पाठकहरुको सामु आउन सफल भएकोले उहाँहरु धन्यबादका पात्र छन् ।

यो पुस्तिका प्रकाशनको लागि प्रेस सम्बन्धी सम्पूर्ण कार्यभार सम्हाली दिनु भएकोमा तानसेन निवासी सुश्री शोभा शाक्य ज्यू लाई धन्यवादका साथ साथै यायु आरोग्य कामना गर्दछु ।

२०४६/९/२७

धम्मावती

अध्यक्ष धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी

धर्मकीर्ति बिहार

Downloaded from http://www.dhamma.digital

# जन्म र बाल्य अवस्था

आज भन्दा २५०० सय वर्ष पहिले भारत र नेपालको सिमानामा शाक्य वंशका राजा शुद्धोधनले राज्य गर्दथे।

त्यस देशको राजधानी कपिलवस्तु थियो। यस राज्यको दक्षिणमा कोशल राज्य थियो। त्यसको दक्षिण-पूर्वमा मगध राज्य थियो जो वर्तमान भारतको विहार प्रान्तको राज गृहको चारैतिर फैलिएको छ। कपिलवस्तु राज्यको पूर्व दिशातर्फ कोलियाहरूको राज्य थियो। महाराज शुद्धोधनको रानी महारानी महामायादेवी त्यस कोलिया राज्यको राजकुमारी थिइन्।

ईसा भन्दा ५६० वर्ष पहिले रानी महामाया गर्भवती थिइन्, जसले गर्दा राज्यको सम्पूर्ण जनता ज्यादै खुसी थियो। त्यस वखतको चलनअनुसार पहिलो सन्तान आफ्नो लोग्नेको घरमा जन्माउनु हुँदैनथ्यो माइतीघरमा जन्माउनु पर्ने प्रचलन थियो। अतः प्रसवको समय धेरै नजिक भएपछि रानी महामाया देवी आफ्नो माइतको लागि प्रस्थान भइन्। राजा शुद्धोधनले रानीको प्रस्थानको लागि सुव्यवस्था गरेका थिए। कोलिया राज्य सम्मको सम्पूर्ण बाटो घाटो बडो राम्रो र सुविधाजनक बनाइएको थियो। बीचबीचमा पानीको कुवाहरू बनाइएका थिए। यही बाटो रानी आफ्नो परिचारिका र अंगरक्षकहरू साथमालिई माइत गइरहेकी थिइन्। बाटामा लुम्बिनी उद्यान आईपुग्यो। त्यहाँ बडो रमणीय स्थल भएकोले रानीले केही समय त्यहाँ आराम गर्ने इच्छा व्यक्त गरीन्। रानीलाई आराम गर्नका लागि एक अत्यन्त राम्रो सुगन्धित साल वृक्ष मुनि शय्या लगाइ दिए। त्यहाँ जब रानी महामाया

Downloaded from http://www.dhamma.digital

देवी केही समय विश्राम लिएकी थिइन त्यसै बखत उनीलाई प्रसव–पीडा सुरुभयो र एक पुत्र–रत्नको जन्म भयो ।

अब रानीलाई माइत जानुपर्ने कुनै कारण भएन र त्यही बाट उनी सबैको साथ कपिलबस्तु फर्किन् । कपिलबस्तुमा राजकुमारको भव्य स्वागत भयो । राजा शुद्धोधनले बालकको नाउ सिद्धार्थ राखे ।

बुद्धको जन्म बैशाख पूर्णिमाको दिन भएको थियो त्यही दिन उनले बोधिज्ञान प्राप्त गरे र सोही दिन महापरिनिर्माण पनि भएका थिए ।

भगवान् बुद्धको जन्मकाल र बाल्य अवस्थामा अनेक चमत्कारपूर्ण कार्यहरू भएका थिए । तर बुद्धले चमत्कारी कार्यलाई विश्वास नगर्ने भएकाले त्यसबारे व्याख्या गर्नु उचित छैन । आज भन्दा २५०० वर्ष पहिले जब बुद्ध जन्मेथे त्यस बखत नेपालको धार्मिक इतिहास र छिमेकीराष्ट्र भारतको इतिहास जान्नु आवश्यक छ । त्यस बखत आर्य वंशीहरूले जता ततै फैलिएर आफ्नो प्रभुत्व जमाएका थिए । उनीहरू ज्यादै सभ्य थिए । हुनत त्यस बखत "हिन्दु" शब्द चलनमा आइसकेको थिएन तैपनि उनीहरूले जाती प्रथा कायम गरे, जो कर्ममा विश्वासगर्दथे ! ब्राह्मण त्यसलाई भनिन्थ्यो जो पढीलेखी विध्दान् हुन्थ्यो र पुरोहितको काम पनि गर्ने गर्थे र क्षेत्रिय त्यसलाई भनिथ्यो जो युद्ध गर्नसक्थ्यो क्षेत्रिय वैशवाट राजा बन्दथे, जसले राज्यको रक्षा गर्ने, राज्य संचालन र कामकाज चलाउँथे । क्षेत्रिय तल वैश्य थिए जसले व्यापार गरी अर्थतन्त्र संचालन



Downloaded from http://www.dhamma.digital

गर्दथे त्यस भन्दा मुनी शूद्र थिए । राज्यको सम्पूर्ण कठीन कार्य यिनीहरूले गर्नु पर्दथ्यो जस्तै मजदुरी चाकरी, कारीगरी आदि ।

ब्राह्मणहरूले सम्पूण धार्मिक अनुष्ठान त गर्दथे नै यसको साथै राजालाई राज्य संचालन गर्ने परामर्श पनि र पथ प्रदर्शक भइरहन्थे । त्यसैले राजा शुद्धोधनले आफ्नो छोराको भविष्य कस्तो रहेछ भनी जान्नको लागि ब्राह्मणहरूलाई निमन्त्रणा गरे ।

बुद्धको जीवनमा भविष्यवाणी गर्न आउने पहिलो ब्राह्मण कालदेवल थिए । उनलाई अनेक सिद्धि प्राप्त थियो र दिव्य दृष्टि पनि, ब्राह्मणको दिव्य दृष्टिले बच्चा भविष्यमा बुद्ध हुने देख्यो ! उनि बालकलाई देखेर पहिला हाँसे पछि रून थाले राजाले ब्राह्मण रोएको देखी भयभीत भई तपाई रोइरहनु भएको छ किन ? मेरो पुत्रमा केही अप सकुन त देखिएन ? भने ।

"ब्राह्मणले भने होइन महाराज । बालको भविष्य कुनै नराम्रो छैन । म पहिला हाँसे किनभने मैले यो बालकको दर्शन गर्ने सौभाग्य प्राप्त भयो, जो बालक भविष्यमा गई बोधिज्ञान प्राप्त गर्ने छ र बुद्ध हुने छ । म पछि त्यस दुर्भाग्यको कारणले रोएँ जब बुद्ध भएर आफ्नो ज्ञान प्रचार गर्दछ त्यस वखत मैले त्यो ज्ञान. सुन्न म जीवित हुँदिन । अतः राजन तपाई हर्षित हुनुहोस तपाईको छोरो संसारको महान् व्यक्ति हुनेछ" ।

यहाँ के भन्न उचित हुन्छ भने त्यस वखतका धार्मिक–व्यक्ति-हरूलाई बोधिज्ञान प्राप्त गर्न सम्पूर्ण आफ्नो घरबार सुख ऐश्वर्य त्यागी सन्यासी हुनु पर्दछ भन्ने कुरा थाहा थियो । "बुद्ध" को



Downloaded from http://www.dhamma.digital

अर्थ नै हो बुद्धि प्राप्त गर्नु, बोधिज्ञान प्राप्त गर्नु। जुन व्यक्तिले आध्यात्मवादको चरमसीमासम्म पुग्न सक्छ त्यही नै बुद्ध हुन्छ भन्ने कुरा त्यस बखतका धार्मिक–व्यक्तिहरूलाई थाहा थियो। महाराजा शुद्धोधन आफ्नो छोरा आध्यात्मिक मार्गमा लाग्ने कुरा थाहा भई दुःखी हुन पुगे।

कालदेवलले बुद्धको शरीरमा केही विशेष चिन्ह देखेर आफ्नो भविष्यवाणी गरेका थिए। राजा शुद्धोधनले यो भविष्यवाणीको परीक्षा गर्न आफ्नो देशका आठ ब्राह्मणहरूलाई निमन्त्रणा गरे जो कालदेवल जस्तै शरीर–चिन्ह विज्ञानमा प्रवीण थिए।

यी ब्राह्मणहरूमध्ये सातजनाले बुद्धको शरीरलाई देखेर के घोषणा गरे भने यदि यो बालक राजाभएर राज्य संचालन गरे भने यो चक्रवर्ती सम्राट् सम्म हुन्छ। यदि यो गृहत्याग गरी सन्यासी भएर ज्ञान प्प्तिको लागि गएमा यो "बुध्द" हुन्छ। तर आठ नं.को ब्राह्मण कोण्डन्य कुनै दुविधामा थिएनन् उनले भने "हे राजन, तपाईका पुत्रले भविष्यमा गएर चार बिशेष चिन्हहरू देख्दछन् र ती चिन्हहरू देखेर संसारलाई त्यागी बोधिज्ञान प्राप्त गर्न को लागि गृहत्याग गर्नेछन्। उनले बोधिज्ञान प्राप्त गरि बुध्द बन्नेछन्"।

कोण्डन्य आफ्नो विचारमा दृढ थियो त्यसकारण त्यसै दिनदेखि आफु समानका अथा ४ जना साथीहरू समेतले गृहस्थी धर्म त्यागी संन्यास धर्म ग्रहण गरी ध्यान गर्न निस्केर आफूलाई बुध्दको ज्ञान सुन्न योग्य बनाउन तर्फ लागे। कोण्डन्यले बालक



Downloaded from http://www.dhamma.digital

सिध्दार्थ ठूलो भई बोधिज्ञान प्राप्त गर्ने समयको धैर्यता पूर्वक प्रतीक्षा गरेर सिध्दार्थ कुमारले बोधिज्ञान प्राप्त गरी बुध्दत्व प्राप्त गरे पछि कोण्डन्य र अन्य चार ब्राह्मणहरूले बुध्दको सर्वप्रथम ज्ञान उपदेश सुने ! यिनै ५ ब्राह्मणपुत्रहरू भगवान् बुध्दका पहिला शिष्य भएर यिनीहरूले बुध्द धर्म प्रचार गर्न ठूलो मद्दत गरे !

यता कोण्डन्यको यस्तो दृढ भविष्यवाणी सुनेर राजा शुध्दोधन अत्यन्त चिन्तित भए ! सिध्दार्थ कुमार दिन प्रतिदिन बढ्दै गए ! उनको शारीरिक बनावट, अंग प्रत्यङ्ग आदिमा अलौकिक सुन्दरता र अलौकिक प्रतिभा देखिन्थ्यों ।

सिद्धार्थ कुमार जन्मेको सात दिनपछि आफ्नो आमा महामाया देवीको मृत्यु भएको थियो तर कुमारले माहस्नेहबाट बंचित हुन परेन किनकि उनकी कान्छीआमा प्रजापति गौतमीबाट सिद्धार्थ कुमारको उचित लालन पालन हुँदै गयो ! यद्यपि जुन दिन माहामाया देवीले सिद्धार्थ कुमारलाई जन्म दिइन त्यही दिन गौतमीले पनि एक बालक जन्माएकी थिइन् तर उक्त बालकलाई हेरविचार गर्ने काम एकजना धाईलाई जिम्मा दिई आफुले सिध्दार्थ कुमारको देखभाल गर्न लागिन् !

केही बर्षपछि सिध्दार्थ कुमार विद्यालय जान थाले ! उनले आफु समानका राजकुमारहरूसंग पठन पाठन सुरु गरे ! सिध्दार्थको पढाइ देखी स्कूलका गुरुवर्ग छक्क पर्न लागे किनकि उनी अत्यन्त तीक्षण बुध्दि भएकाले अनेक विषयमा अध्यन गरी हिसाब र भाषा ज्ञानमा निपुण भए ! खेलकूद, बाण विद्या



Downloaded from http://www.dhamma.digital

आदिमा पनि कुशलता प्राप्त गरे । उनका साथीहरूले उनलाई कुनै कुरामा जित्न सक्दैनथे । शिक्षकहरूले जति कुरा सिकाउदैं जान्थे त्यस भन्दा गम्भीर ज्ञान उनले हासिल गर्दै जान्थे । अग्लो, पुष्ट शरीर, शान्त स्वभाव मधुर वाणी आदिको कारणले सबै उनको मित्र हुन्थे र उनलाई मायां गर्दथे ।

प्राचीन परम्पराअनुसार शाक्यहरूको राज्यमा हलो जोत्ने व्यक्तिहरूको प्रत्येक बर्ष मेला लाग्दथ्यो जुन मेलामा राजा स्वयमले भागलिने गर्दथे । राजाले जोत्ने गोरुको सीङ सुनले मोरेर हलो पनि सुनको राखी जमिन जोत्दथे । राजाको मुनिका व्यक्तिहरूले चादीको हलोले जोत्दथे । जब सिद्धार्थ कुमार ७ बर्षको थिए राजा शुद्धोधनले उक्त मेलामा सिद्धार्थ कुमारलाई पनि लगे । सिद्धार्थ कुमारले उक्त मेलामा भागलिने इच्छा नगरेपछि उनको सेवकले एक बृक्ष मुनी कुमारलाई आशन लगाई बसाले । सिद्धार्थ जब त्यहाँ बसे उनी ध्यान मग्न भए । उनी धेरै ध्यान बसी-सकेका पोख्त ध्यानी योगी झैं देखिन्थे । धेरै बेरपछि उनको सेवकले सिद्धार्थ कुमार के गरिरहेको छन् भनी हेर्दात ध्यान मग्न देखी तुरुन्त राजा शुद्धोधनलाई खबर गर्न गए । राजा शुद्धोधनले आफ्नो पुत्रको यस प्रकारको अनौंठो ब्यवहारको एक प्रमाण देखे ।

सिद्धार्थ कुमार दयालु थिए भन्ने कथाहरू धेरै पाइन्छन् जस्तै उनी एक दिन आफ्ना काकाका छोरा देवदत्त संग जंगलमा घुम्न गएका थिए । देवदत्तको हातमा एउटा धनुष थियो । माथि एउटा बकुला उडिरहेको देखी बाणले निशाना लगाई हानिदिए ।



Downloaded from http://www.dhamma.digital

घायल पंक्षीलाई समात्न दुवै भाई दौडेर गए । पहिला सिद्धार्थ कुमार पुगे । पंक्षी मरेको थिएन तर घाइते भएको थियो । सिद्धार्थ कुमारले त्यस पंक्षीलाई लागेको वाण निकाली जडीबुटी खोजी घाइते पंक्षीको घाउमा लगाई शान्त बनाई । देवदत्त पछि पुगेर त्यस चरालाई खोसेर लिन खोजे परन्तु सिद्धार्थ कुमारले दिएनन् । सिद्धार्थ कुमारले भने यदि यो चरा मरेको भए तिम्रो हुने थियो तर मैले यसलाई स्याहार सुसार गरी औषधि भलो गरी बचाए पछि यो मेरो हक लाग्छ यो मेरो हो । यसरी दुई भाईबीच झगडा भई इन्साफको लागि न्यायधीसकहाँ पुगे । न्यायधीसले दुवैको सम्पूर्ण कुरा सुनी फैसला गरे । "जीवन त्यस व्यक्तिको हुन्छ जसले त्यसलाई बचाउने प्रयत्न गर्दछ । जीवन त्यसको हुँदैन जसले मार्ने कोशिस गर्दछ । त्यसकारण चरा सिद्धार्थको हक लाग्छ" ।

राजा शुद्धोधन भने कहिले ब्राह्मणहरूको भविष्य वाणीलाई सम्झी सोचिरहन्थे र कहिले आफ्नो पुत्रको भविष्यलाई सोचेर चिन्तित रहन्थे । चिन्ताबाट मुक्त हुनको लागि पुनः राजाले उनै सात जना ब्राह्मणह लाई निमन्त्रणा गरे । त्यस मध्ये कोण्डन्यत बेपत्ता भइसकेका थिए । ब्राह्मणहरू आइसकेपछि राजाले प्रश्न गरे कोण्डन्यको ४ चिह्नहरूको बारेमा भनेको खास अर्थ के हो ? ब्राह्मणहरूलें जवाफ दिए । सिद्धार्थ कुमारले एक दिन वृध, विरामी, मृतक र सन्यासी लाई क्रमशः देख्ने छन् र उनले यो देखी संसार त्याग गरी वोधिज्ञान प्राप्त गर्ने तर्फ प्रयत्नशील रहनेछन् ।



Downloaded from http://www.dhamma.digital

राजाले विचार गरेको यी दृष्यहरू कुमारलाई कुनैं हालतले पनि देखाउनु हुन्न । त्यस कारण राजाले तुरुन्त आफ्नो भारदारहरू-लाई आज्ञा दिए बूढा विरामी, मृतक आदि सिद्धार्थ कुमारले कुनैं हालतमा देख्न नसक्ने प्रबन्ध होस र कुनैं पनि सन्यासीलाई पनि कुमारले देख्न नपाउन । यी कार्य सम्पन्न गर्न विशेष प्रकारको रक्षकहरू नियुक्ति गरिए । सिद्धार्थको सेवा सुश्रुषामा सम्पूर्ण नोकरचाकरहरू खटिए । कुमारको अगाडि बूढा, बिरामी, मृतक का कुरासम्म पनि गर्न नपाउने र बाग बगैंचाका फूल झार पात समेत मुर्झाएको नदेखाउने बन्दोबस्त मिलाए । सन्यासीत सिद्धार्थ संग कुनै हालतमा भेट नहुने गरियो । उसले गर्दा सिद्धार्थ कुमारले मृत्यु हुन्छ भन्ने ज्ञान नैं नपाऊन् ।

यसरी सिद्धार्थ कुमारलाई अधिकाधिक सुविधा उपलब्ध गराई चारैंतिरबाट रसरङ्ग मनोरञ्जन गर्ने प्रबन्ध भयो । उनलाई बसन्त, गर्मी, जाडो र बर्षा मासमा बस्न अलग अलग महल तयार भए । मनमोहक उद्यान बने र पोखरी बनाई राम्रा-राम्रा माछा पालिए र अत्यन्त सुन्दर कमल फुलाइए ।

यी वातावरणमा सिद्धार्थ कुमार युवावस्थामा पुगे । उनी अत्यन्त सुन्दर र सशक्त देखिन्थे र उनको स्मरण शक्ति अत्यन्त तीक्षण थियो । विद्या, बुद्धिमा ठूल ठूला पंडितहरूलाई समेंत हराउँथे ।

राजा शुद्धोधनले सिद्धार्थ कुमारको विवाह गर्ने निश्चित गरी कुमारलाई सारा देशका विवाह योग्य राजकुमारीहरू देखाउन



Downloaded from http://www.dhamma.digital

दरवारमा निमन्त्रणा गरे । राजकुमारीहरूमध्ये यशोधरा नामकी एक सुन्दरी र आकर्षक युवति पनि थिए । यशोधरालाई सिद्धार्थ कुमारले मनपराए पछि राजा शुद्धोधनले कुमारको बिबाह धुमधाम साथ गरिदिए । जब सिद्धार्थ कुमार १६ बर्षको पुगेका थिए यशोधरा गर्भवती भइन । उता राजा शुद्धोधनले सिद्धार्थको लागि आफ्नो इच्छा अनुसार सबैं काम भइरहेछ भनी ढुक्क थिए । सिद्धार्थलाई संसारको सबै प्रकारको सुख प्राप्त थियों र उनलाई अनित्य शरीरको कुनै बोध गराएको थिएन । तर उनी कुनैं कुरामा विचार मग्न भई रहन्थे । एक दिन परीहरूको कहानी जस्तै राजा शुद्धोधन द्वारा सिद्धार्थ कुमारको आँखामा बाँधेको पत्ति खोलियो । सिद्धार्थ कुमारले सम्पूर्ण अनित्यता लाई थाहा पायो । जीवन दुःखमय छ भन्ने उनलाई कुरामा दृढ निश्चय भयो ।

❋



Downloaded from http://www.dhamma.digital

# मनुष्यको चार अवस्थाहरू

सिद्धार्थ कुमारलाई सम्पूर्ण सुख सुविधा युक्त भएको थियो। तापनि उनी व्याकुल रहन्थे। एक दिन आफ्नो सारथि छन्दक लाई बोलाई आफ्नो रथ तयार गर्ने आज्ञा दिए। छन्दकले चार सेतो घोडाहरूमा एउटा रथ तयारगरी उपस्थित भए। सिद्धार्थ कुमार रथमा चढी दरवारबाट बाहिर घुम्न निस्के रथ सिद्धार्थ कुमारले चलाई शहर भ्रमण गरिरहँदा मान्छे देवतानै हो की भन्ने भान पर्दथ्यो। किनकि कुमार अत्यन्त सुन्दर देखिन्थे।

सिद्धार्थ कुमार त्यति टाढा पुगिसकेको थिएनन् बाटामा एक जना कुप्रो परी हिँडिरहेको वृद्ध व्यक्तिलाई देखे। उनलाई देखी कुमार छक्क परेर रथ रोकी छन्दकलाई सोधे 'छन्दक त्यो मानिस जस्तो देखिन्छ तर उसको कपाल सेतो फुलेको छ किन? उसको दाँत झरेकोछ, मुख च्वाउरी परेको छ, उसको शरीर कुप्रो परेको छ, आँखा भित्र पसेको छ, शरीर एकदम दुब्लो पातलो देखिन्छ, लठ्ठीको सहाराले हिँडिरहेछ यो कस्तो मानिस हो।"

सिद्धार्थले प्रेम पूर्वक प्रश्न सोध्दा छन्दकले राजाको सम्पूर्ण कुरा बिर्सी कुमारलाई उत्तर दिए। "त्यो मानिस बुढ़ो हो। त्यो मानिस सत्तरी अस्सी वर्षको भया होला। त्यस कारण उनको शरीर क्षीण भई कमजोर हुँदै गइरहेछ। राज कुमार त्यसलाई देखा अचम्म मान्नु पर्ने के कुरा छ र? एक दिन



Downloaded from http://www.dhamma.digital

सबैं त्यस्तै हुन्छन् हामी सबैं त्यस्तै बुढा हुन्छौ ।" हामी सबै बुढा हुन्छौं भनेको के यशोधरा, तिमी मेरो सबैं युवक साथीहरू र म पनि यस्तै बुढो भएर जान्छौं ?

"हो महाराज । यही मनुष्यको गति हो"

छन्दकको उत्तर सुनेपछि सिद्धार्थ कुमार चिन्तित भए उनी अगाडी जान चाहेनन् । उनको मष्टिक हलचल मच्चियो । उनीले सारथि लाई रथ दरवार फर्काउन आदेश दिए । सिद्धार्थ कुमारको अध्यारो उजाड मुख देखी शुद्धोधन महाराजले छन्दक के भयो भनी सोधे ।

छन्दकले सबैं हाल सुनाए ! राजा आत्तिए । उनले कुमार को मष्टिकमा बुढो हुनु पर्छ भन्ने कल्पना भएको कुरालाई बिर्साउन भुलाउन एउटा बिशेष प्रकारको उत्सवको प्रवन्ध गरे युवतीहरूलाई बोलाई नाच, गान गराए । पाले पहरा पहिलाको भन्दा बढाई पहिला राजाले दिएको आज्ञानुसार कडा पहरा गर्न हुकुम दिए ।

एक दिन पुन: सिद्धार्थ घुम्न निक्ले र उनले त्यस पटक एक विरामी ब्यक्तिलाई देखे । उनी अत्यन्त अशक्त थिए उसले गर्दा उभिन सम्म सक्दैन थिए । पीडाले ओछ्यानमा सुतिरहेका थिए ! उनको मुख रातो थियो, मुखमा फिज आइरहेको थियो ! पहिले जस्तै सिद्धार्थले छन्दकलाई प्रश्न गरे र छन्दकले त्यस हृदयको बृतान्त अर्थ बताए । सिद्धार्थ फेरि चिन्तित भए ।

सिद्धार्थले छन्दक सग सोधे "के यस्तो अवस्था सबैको हुन्छ ?"



Downloaded from http://www.dhamma.digital

,' हो कुमार जुनसुकै व्यक्ति पनि विरामी हुन सक्छ । तर मनिष्यले आफ्नो खानपान, आहारमा ख्याल गरे, सफा, सुग्गर गरी बस्न सके, सधैं व्यायाम नियमित गर्न सके स्वस्थ रहन सक्ने संभावना हुन्छ । यसो गर्दा विरामी हुने चिन्ता रहँदैन " भनी कुरा बनाउँदै उत्तर दिए ।

" चिन्ताको विषय होइन । यो भन्दा पहिले मैले बृध्दा अवस्थाको भयानक अस्तिपञ्जर शरीरलाई देखे र अब यो विरामी असहाय स्थितिको व्यक्ति देखिरहेको छु । "

पहिले जस्तैं यसपालि पनि सिद्धार्थ टाढ़ासम्म घुम्न जान चाहेनन् । आकुल व्याकुल मन लिएर त्यहीबाट दरवार फर्के ।

तेश्रो पटक जब सिद्धार्थ छन्दकसंग घुम्न बाहिर निस्केका थिए त्यस बेला उनले एक मुर्दा देखे । त्यस सबलाई मानिसहरूले कांधमा बोकी लगिरहेका थिए । मृतक व्यक्ति निश्चल-रूपमा थियो । मुर्दाको पछिपछि मानिसहरू छाती पिटी चिच्याई चिच्याई रोएर गइरहेका थिए । यस मुर्दाको विषयमा प्रश्न गर्दा छन्दकले जवाफ दिए । " यो मरेको मानिस हो । मनुष्यको अंत यही हो । बृध्दावस्थामा पुगी मानिस जब कमजोर भएर जान्छ तब त्यो मर्छ र विरामी भएर पनि मर्न सक्छ । श्वास रोकिन्छ मुटुको चाल रोकिन्छ ! यो कुनै आश्चर्य मान्नु पर्ने कुरा छैन ! किनकि जो मानिस जन्मन्छ त्यो मर्दछ। यो सामान्य कुरा हो ! जो जिउँछ, त्यो मर्छ ! कसैले मृत्युलाई रोक्न सक्दैन, किनकि प्रत्येक जीवित प्राणी मर्नु पर्छ ! यो प्रकृतिको नियम हो । अत चिन्ता लिनु बेकार छ ! दीर्घ जीबनको आशा लिएर बस्नु पर्छ ! "



Downloaded from http://www.dhamma.digital

सिद्धार्थले यो दृश्य र पहिले औ दृश्यहरू देखे ती कुरा हरूमा विचार गर्न लागे – " बृध्दावस्थाको दु:ख विरामी अवस्थाको कष्ट, फेरि मृत्युको दु:ख यही मनुष्यको नित्य गति हो ? जीवन दु:खैं दु:खलें भरिएको छ ? के यो दु:ख बाट बच्ने कुनैं उपाए छ ? के म र तिनीहरू सबैलाई जीवनसंग प्रेम छ ? यो बृध्दावस्थामा, त्यो विरामी अवस्था र मृत्युको कष्ट भोग्नु नैं पर्ला ? " यी अनेक प्रकारका प्रश्नहरू मनमा लिदै सिद्धार्थ फर्के ।

पुन: अन्तिम पटक सिद्धार्थ छन्दकको साथमा घुम्न निस्के । यस पटक पहिला जस्तै तर बिलकुल विपरीत किसिमको दृश्य ले उनलाई पर्खिरहेको थियो । उनले एकजना शित्यकोरी काटेंको बिहानीपखको घामले पहेंलो कपडामा अत्यन्त सुन्दर देखिएको र हातमा भिक्षापात्र लिएको एकजना ब्यक्ति उभिएको देखे । उनको मुखमा शान्ती छाएको थियो, विचार पूर्ण मुद्रामा थियो, र उनको आँखाले शान्त रूपमा मुई तिर हेरिरहेको थियो । सिध्दार्थ ले उनलाई देखी विचार गरे यो मानिसको मनमा शान्ती छ साथैं आनन्दले विचार मग्न रहेको छ । "

सिध्दार्थले त्यही आफ्नो रथलाई रोकी छन्दकलाई सोधे " छन्दक यो मानिस को हो ? के यो मानिस हो ? मलाईत यो देवताजस्तो लाग्छ । हेर कति शान्त र निर्द्वन्द्व छ । लाग्दछ यो ससारको दु:ख सुखले उनलाई छून सकेको छैंन ।

युवराज यो सन्यासी हो । यसले बुढेसकाल विरामी अवस्था र मृत्यु जस्तो दु:खदायी अवस्था देखी यो संसारको प्रपन्चलाई



Downloaded from http://www.dhamma.digital

छाडी दुःखबाट मुक्त हुने बाटो खोजी हिंडेको छ । यसको घर द्वार छैन, यो भिक्षु मुनी वा कन्दरामा बस्छ भिक्षाबाट प्राप्त भोजन दिनको एक पटक खान्छ साधा जीवन बिताउँछ मन वचनले पवित्र रहेर प्रयास गर्दछ र तपश्या, ध्यान गरेर संसारको दुःखबाट मुक्ति पाउने प्रयत्न गर्दछ । यो हिंडिरहेको हुन्छ र मानिसहरू सत् मार्गको बाटो देखाउँदै गर्दछ ।

यी चार दृश्यहरू थिए जो ब्राह्मणहरूले सिद्धार्थको ४ चिह्नहरूको भविष्यवाणी गरेका थिए । यो दृश्य देखेर सिद्धार्थ अत्यन्त प्रभावित भए । यस पटक उनी दरबार फर्कनन् । उनी आनन्द उद्यानमा पुगे स्वादिस्त भोजन गरे । नर्तकीहरू, वादक कवि, गायक र विद्वानहरू उनको मनोरञ्जनको लागि पर्खिरहेको थिए तर यी कुनैं पनि कुराले कुमारलाई आकर्षित गर्न सकेन आफ्नो विचारमा मग्न भई प्रतिज्ञा गरेकि म पनि सन्यासी बन्छु, संसार त्याग्छु र दुःखबाट मुक्त हुने बाटोको खोजीमा लाग्छु ।

राजा शुद्धोधनलाई सिद्धार्थको अवस्था देखी थाहा भयो की ब्राह्मणहरूले गरेको भविष्यवाणी पूर्ण हुदैछ । तर सिद्धार्थलाई आफ्नो इच्छाअनुसार ससारमा राख्नको लागि अन्तिम प्रयासकोरूपमा सिद्धार्थको पुत्र प्राप्ति भएको उपलक्ष्यमा धुमधामसाथ उत्सव मनाइयो । यो उत्सवमा राज्यको सर्व श्रेष्ठ मानिने गायक, वादक सुन्दरीहरू तथा नर्तकीहरूलाई निमन्त्रणा गरियो । स्वादिस्त खान परिकारहरू बनाएर आफ्नो पिताको सम्मानको लागि त्यो उत्सवमा सिद्धार्थ कुमारले भाग लियो तर उनलाई यी सबै कुरामा कुनैं



Downloaded from http://www.dhamma.digital

आनन्द थिएन । उनी आफ्नो विचारमा मग्न थिए र उनी धेरै रात बितेकाले निदाउन थाले नर्तकीहरूले जसलाई देखाउन मनोरञ्जन गर्न यी सबै भइरहेको छ उहाँ नै निदाउनु भएको छ भने हामीले पनि आराम गरौं अनि राजकुमार फेरी जागा भएपछि नाच गान गर्दै भनी आराम गरे । जब सिद्धार्थ कुमार बिउँझे त वरिपरि केश मताभुङ्ग भई सुतिरहेका कसैको नांक घ्वार घ्वार बजिरहेको आवाज कसैले पशुले झैं दाँत किति रहेका कसैको मुखबाट र्‍याल चुहिरहेको, कोही त्यति राम्री सुन्दरीहरू भयानक रूपमा जमिनमा सुतिरहेको दृश्य देखी अत्तम्म माने र बिस्तारै चुपचाप उठेर छन्दकलाई बोलाई आफ्नो प्यारो अश्व कथक लामो सफर गर्नको लागि तयार गर्न आज्ञा दिए ।

संसार त्याग गर्नु भन्दा पहिला सिद्धार्थलाई आफ्नो कर्तब्यको ख्याल आयो । उनको पुत्र जन्म हुनु र संसारलाई त्याग गर्ने प्रतिज्ञा गरेको दिन एकै दिन भएको थियो अत: पुत्रको मुख एक पटक हेर्नु जरूरी थियो । त्यस कारण राज महल छोड्नु भन्द पहिला आफ्नी पत्नी र पुत्र सुतेको कोठाको ढोकामा एक छिन रोकिए यशोधराले आफ्नो छोरालाई छातीमा राखी सुतेकी थिइन् । र हातले बच्चाको मुख छोपेको थियो । सिद्धार्थलाई डर लाग्यो । पुत्रको मुख हेर्न पत्नीको हात पन्छाए भने उनी जाग्लिन । यदि हात नपन्छाउने हो भने पुत्रको मुख नहेरी जानुपर्छ । उनले निश्चित गरेकि पुत्रको दर्शन नगरी जानु पर्छ म जुन ज्ञानको खोजमा हिंडिरहेछु त्यो ज्ञान पाएर म पुत्र र पत्नीको दर्शन गर्न म फर्कि यस ठाउँमा आउनेछु ।

आधारात बितेको थियो त्यस बखत सिद्धार्थ छन्दकको



Downloaded from http://www.dhamma.digital

साथमा कपिलवस्तुबाट विदा लिदैं निस्के । बाहिर निस्की दरवारको ढोकाबाट निस्कदा एकपटक पछि फर्केर दरबारलाई हेरे आफू हुर्केको र आफ्नाहरू सब आनन्दले सुतेको महल संग उनको मायाँ हुनु स्वभाविक थियो ।

घोडामा चढी कुमार अनुमानदीको किनारमा पुगे । अनुमानदी को वारी शाक्यहरूको राज्य थियो । पारि मगध राज्य थियो । अनुमानदीको पारि पुगी घोडाबाट ओर्ली आफ्नो बहुमूल्य वस्त्र र आभूषणहरु निकाली छन्दकलाई दिए र कुमारले गेरु वस्त्र धारण गरी तरवारले आफ्नो केश काटी प्रतिज्ञा गरे "यदि म बुद्ध हुने भए यो केश आकाश मार्गमा जावोस् ।" केश आकाशमा विलीन भयो । हातमा भिक्षा पात्र लिई छन्दकलाई कन्थक घोडा-लिई फर्केर जान आदेश दिए । छन्दक फर्केर आउन मानेनन् उले सिद्धार्थ संगै जाने इच्छा व्यक्त गरे । सिद्धार्थले अत्यन्त प्रेम पूर्वक छन्दकलाई सम्झाई "सम्पूर्ण आभूषणहरु लिएर राजमहल गई पिताज्यूलाई दिनु र माता पिता तथा पत्नीलाई भनिदिनु मेरो विषयमा कुनै चिन्ता नलिनु म बृध्दावस्था, बिरामी, मृत्यु जस्तो दु:खबाट मुक्ति पाउने उपाए खोज्न गइरहेको छु । जब मैले त्यो बाटो पत्ता लगाउदछु तब म त्यो कुरा भन्न फर्किन्छु जुन कुरा सुनी उनीहरुलाई वास्तविक खुसी लाग्ने छ । भने

छन्दक त खबर लिएर फर्कन मन्जुर गरे तर उनको घोडा कन्थक त्यहाँबाट फर्कन पटक्कै मानेन । त्यसलाई पनि सिद्धार्थले सम्झाउनु पर्‍यो । बल्ल तल्ल त्यो घोडा दरबारतिरको बाटो फर्कीन। केही पाइला पछि सिद्धार्थलाई फर्केर हेर्‍यो , आँखाबाट आँसु झराली रोयो । राजकुमार सिद्धार्थलाई देखिदा सम्म हेरी-रह्यो । देखिन छोडेपछि विछोंदको बेदनालाई सहन नसकी कन्थकले त्यही बाटोमा प्राण त्यागे ।



Downloaded from http://www.dhamma.digital

# बोधिज्ञान प्राप्ति

सिद्धार्थले संसारको सम्बन्ध छोडेर भ्रमणशील सन्यासीको जीवन व्यतीत गर्न शुरू गरे। अनुमानदी सिद्धार्थको मार्ग परिवर्तन को साक्षीको रूपमा छोडी गए। सन्यासी जीवन विताउने व्यक्ति-हरूको त्यसबेला कमी थिएन। सिद्धार्थ भोजनको लागि भिक्षा-हरूमा जाँदा जाँहा रात पर्छ त्यही सुविधा युक्त ठाउँमा रात बिताउथे। कसैले उनलाई साधु भन्छन्, कसैले सन्यासी, र कसैले गौतम पनि भन्न थाले, तर उनी सिद्धार्थ राजकुमार हुन भन्ने कुरा कसैलाई थाहा थिएन्।

जब सिद्धार्थ मगधको राजगृह नगरीमा पुगे त्यहाको व्यक्ति-हरूले उनलाई चिने। त्यहाको मानिसहरू सिद्धार्थको व्यक्तित्व देखेर चकित भएर बिम्बिसार कहाँ गएर भने " महाराज राजगृहमा गौतम नामको एक सन्यासी आएको छन्' उनी अत्यन्त मधुर, विनम्र र सुसंस्कृत स्वभावको देखिन्छ।

" गौतम " नाम सुनेपछि बिम्बिसार झस्के गौतम अरू कोही होइनन्, छिमेकी राज्यका मित्रराजा शुद्धोधनका पुत्र सिद्धार्थ हुन। सिद्धार्थको गृहत्यागको समाचार बिम्बिसारलाई पहिले पुगे को हुनु पर्छ। बिम्बिसार उनलाई भेट्न तुरुन्त बाहिर निस्के र भेट्ने बितिकै उनलाई भने " सिद्धार्थ यो तिमीले के गरेको ? यता उति किन घुमिरहेको ? के माता पिता संग झगडा भयो ? तिमी उनीहरूसंग बस्न चाहदैनौ भने ठीक छ, तिमी म संग



Downloaded from http://www.dhamma.digital

बस तिमीले यो वेश त्यागिदेऊ । मैले तिमीलाई आधा राज्य दिन्छु ।"

सिद्धार्थले राजा बिम्बिसारको प्रस्ताव आदरका साथ अस्वीकार गरे र भने म यस्तो खुसीको बाटो खोज्न हिडिरहेछु जसको भौतिक सुख शान्ति संग कुनै सम्बन्ध छैन् ।

सिद्धार्थले गृहत्याग गरी अध्यात्ममार्गतिर हिडे भन्ने खबर कोण्डन्यको कानमा पुग्यो जसले सिद्धार्थको नयाँ जीवनको भविश्यवाणी गरेका थिए । कोण्डन्य सिद्धार्थको साथ दिन आफ्नो मित्रहरू भद्दिय, बप्पा, महानाम र अस्सजि लिएर आफ्नो ठाउँ छोडी हिडे । यी पाँचै जना व्यक्तिहरू सत्यको खोजमा लागेका थिए । सिद्धार्थलाई भेट्टाए । अब यी ६ जना व्यक्तिहरू एक साथ भ्रमण गर्न लागे ।

वर्तमान अवस्थामा जस्तै त्यस बेलापनि ज्ञान प्राप्तिको लागि कसैलाई गुरु मान्दथ्यो अर्थात गुरु थाप्ना गर्दथ्यो । गुरु त्यसलाई बनाउने भन्ने कुनै नीती नियम थिएन । जसले आफ्नो ज्ञान बुद्धि अनुभव द्वारा प्राप्त गरी जान्दथे त्यसलाई गुरु मान्दथे त्यस बखत उत्तर भारतमा आलार कलाम भन्ने गुरु खुब प्रसिद्ध थिए । उनी ध्यानमा अत्यन्त बलिया थिए' ध्यान गर्दा गर्दा अनन्त सूर्यको अवस्थामा पुगि सकेका थिए । अलार कलाम ध्यानमा मग्न भएको सातौ दिनमा सिद्धार्थ सहित उनको शरणमा पुगे र उनको शिष्य बन्न तयार भई उनको निर्देशनमा हिड्न लागे । सिध्दार्थले गुरुले सिकाएको ज्ञान प्राप्ति गर्न अत्यन्त मेहनत कठोर परिश्रम गर्दथे ! एक दिन आलारले सिध्दार्थलाई यो भन्नु



Downloaded from http://www.dhamma.digital

पऱ्यो कि । अब मैले सिकाउनु पर्ने ज्ञान छैन । उनले गौतम सिद्धार्थलाई भने "तिमी मेरो साथमा बसी अरू शिष्यहरूलाई प्रशिक्षण दिन मलाई सहयोग गर।" 'तपाई खालि यति ज्ञान मात्र जान्नु हुन्छ ? के तपाले मलाई बुढ़ो हुनुबाट, बिरामी हुनुबाट, मर्नु पर्ने दुःखबाट मुक्त हुने बाटो देखाइ दिनु हुन्छ" भनी सिद्धार्थले सोधे ।

"जुन कुरा मैले जानेको थिए त्यो सिखाई दिए । जो तिमी चाहान्छौ त्यो सिकाउने व्यक्ति यो संसारमा कोही छैन।"

यति कुरा सुनेर सिद्धार्थ उनीसंग विदा भई आफ्नो साथिहरूसहित भ्रमण गर्न निस्के । जुन व्यक्तिहरूलाई भेट्यो उनीहरूले आफुले जानेको कुरा सिकाउथे । जति आफुले जानेको छ त्यो भन्दा बढी जान्ने गुरु खोज्दथे । गुरु खोजी हिडेको बखत उनीहरूले उद्धक राम पुत्रसंग भेटे । संवेदनशीलता र असंवेदनशीलताको बारेमा कुनै ज्ञानन नहुने ! उनका स्वर्गीय गुरू रामले प्राप्य गरेका थिए । यसलाई त्यस समयमा आठौं ध्यान भनिन्थ्यो त्यसको प्राप्तिको लागि उनी प्रयासशील थिए । उद्धक राम पुत्रको शिक्षाअनुसार सिद्धार्थले त्यो ज्ञान प्राप्त गरे । यो देखी उद्धक राम पुत्रले नम्रता पूर्वक सिद्धार्थलाई आफ्नो शिष्यहरूको गुरुपद संभालेर बस्न प्रार्थना गरे, तर सिध्दार्थले स्वीकार गरेन उद्धकलाई छोडी उनीहरू अरुबेला पुगे र साथीहरूसहित केही दिन त्यहा बस्ने निर्णय गरे ! त्यहा नजिकमा शान्तिदायक जंगल थियो! स्वच्छ नदीको पानी थियो र नजिकैमा गाउँ पनि थियो, जहा गएर



Downloaded from http://www.dhamma.digital

उनीहरुले भिक्षा पाउन सक्दथे । उनीहरुलें त्यहा बसेर गुरुको सहायता विना ज्ञान प्राप्त गर्न प्रयत्न गर्ने निश्चय गरे ।

सिध्दि प्राप्तको लागि त्यस बखत कायाकष्ट गर्ने विधि प्रचलनमा थियो । त्यस विधिको अनुशरण गर्दै सिध्दार्थ सहित उनका साथिहरुले साधना गर्न थाले । उनीहरुले दिनको एकछाक खान थाले त्यसपछि दुईदिनको एक छाक, फेरी तीन दिनको एक छाक मात्र खान थाले । पछि भिक्षा माग्न जान छोडे र जंगलको कण्डमूल झार पात खाई जीवन निर्वाह गर्न थाले । शरीरलाई आवश्यक आहारा नपाएपछि तिनीहरु एकदम दुब्लाउन थाले । शरीरमा मासु रहेन, हाड र छाला मात्र भयो, आँखा गड्यो, शरीरमा बेदना शुरु भयो, मोकले अत्याउन लाग्यो । उनीहरु एक गहिरो पोखरीमा ढुङ्गा बसेझै भए । शरीरलाई उनीहरुले त्यति मात्र कष्ट दिएनन् परन्तु उनीहरुले स्वास प्रश्वासलाई हेर्दै धेरैबेर सम्म श्वास रोक्न प्रक्रिया गरे जसले गर्दा उनीहरुको टाउको दुख्ने आदी हुन्थे । दिन भरको चर्कको घाममा बस्दथे । राती अध्यारो कोठा जहाँ हवा पुग्दथ्यो । जाडोमा बरफ जस्तो चिसो पानीले नुहाउने, शरीरको मोह पटक्कै नगरी फोहर मैला भएको ठाउंमा बस्ने, मुर्दालाई दिएको कात्रो र च्याटिएर फ्याँकिएको कपडा बटुली वोढ्ने विछ्याउने गर्थे । आफ्नो मानसिक शक्तिको परीक्षा गर्न उनीहरु एक्लै एक्लै श्मशानघाटमा रात विताए । त्यस्तो एकान्त जंगलमा जंगली पशुहरुको डर सम्म तिनीहरुलाई थिएन ।



Downloaded from http://www.dhamma.digital

यस्तो कष्ट पूर्ण ध्यान गरिसक्दा पनि सिद्धार्थले आफुलाई ज्ञान प्राप्त भएको ठानेनन् । एक दिन सिद्धार्थ बेहोस भए । त्यस बखत जंगलमा भेडा चह्राउने व्यक्तिले देखी आफ्नो घरमा लगे, स्याहार सम्हार गरे, दुध ख्वाए । जब सम्म सिद्धार्थ पहिले जस्तो स्वस्थ भएन तब सम्म त्यही बसे । स्वास्थ राम्रो भए पछि आफ्नो ५ जना साथीहरुलाई भेट्न निस्के । साथीहरु अझ सम्म शरीरलाई कष्ट दिएर ध्यानमैं गरिरहेको देखे । सिद्धार्थलाई जब उनका साथीहरुले उनी स्वस्थ र मोटोघाटे देखे साथिहरु अत्यन्त रिसाए । सिद्धार्थले आफ्नो नियम तोडे भनी अत्यन्त क्षुब्ध भए र उनीहरु सिद्धार्थलाई एक्लै छोडी त्यहा बाट हिडे ।

सिद्धार्थ एक्लै भए पछि सबभन्दा पहिला उनले आफ्नो शरीर बनाउनपट्टि लागे । उनको मुखमा स्वर्णीम लाली छाएझैं भएर आयो ! त्यस बखत उनको शरीरमा भएको बत्तिस लक्षनहरु सबैं देखिन थाले जसलाई देखी ब्राह्मणहरुले यिनले बुध्दत्व प्राप्त गर्न सक्नेछन् भनी भविष्यवाणी गरेका थिए । स्वास्थ ठीक भएपछि सिध्दार्थ नजिकको बरको बोटको मुनि ध्यान गर्न थाले । त्यहा गाउँमा एकजना धनि परिवारकी पुत्रीले आफ्नो पुत्रलाभको कामना गरी त्यस बरको बोटमा देवता हुन्छ भन्ने विश्वास लिइ आदि चढाउने प्रक्रियामा त्यस दिन पनि बरको बोटमा खीर चढाउने दिन भएकोले आफ्नो दासिहरु त्यस ठाउँ सर सफाई गर्न गएको बखत सिध्दार्थ कुमारलाई देखी दासिहरुले



Downloaded from http://www.dhamma.digital

हतपत्त सुजातालाई देवी प्रकट भएको छ भनी भन्न गऐ। त्यो सुन्ने बित्तिकै सुजाताले सफा सुनको एउटा कचौरामा आफूले तयार गरेको खीर राखी त्यसलाई रेशम सफा कपडाले छोपी दौडेर त्यस ठाउँ आइपुगिन्। सिध्दार्थलाई देख्नासाथ उनी साच्चै चकित भइन् सिध्दार्थ ध्यानमा मग्न थियो। अनौंठो प्रकारको स्वर्णिम आभा उनको शरीरमा छाएकों थियो। उनले यी सबै कुरा देखी भने "भगवान तपाई मनुष्य हुनुहुन्छ कि देवता, यो खीरे ग्रहण गरी दिनुहोस जुन सिध्दि प्राप्त गर्नको लागि यो तपस्या गर्नु भएको छ त्यो कामना पूर्णहोस्।"

सुजाताले खीरले भरिएको पात्र सिद्धार्थको हातमा आदर पूर्वक राखी त्यहाबाट हिंडिन्। सुनको पात्र समेत गौतम सिद्धार्थलाई नै छोडेर गएको कुरा सुजातालाई ख्याल नै भएन।

सुजाताले दिएको खीर दान लाई स्वीकार गरी उक्त खीर लिएर नजिकको नदी निरंजरामा गई खीरको पात्र नदीको किनारमा राखी स्नान गरी पात्र लिएर बुद्धत्व प्राप्त गर्नु भन्दा पहिलाको अन्तिम भोजनको रुपमा खीर ग्रहण गरे खीर भोजन गर्नु भए पछि हाथ धोई मुख कुल्ला गरी पात्रलाई पानीमा उनन्त बदाउँदै भने यदि मलाई आज बोधिज्ञान प्राप्त हुन्छ भने यो पात्र नदी बगेको बिपरीत दिशामा बहेर जावोस्। पिण्डपात्र बिपरीत दिशातिर नै बग्यो। तब गौतमले नदीको किनाराको जंगलमा गई बिश्राम गरे। संन्ध्याकालको समय भएर पछि सिद्धार्थ एउटा बोधि बृक्षको खोज्न गए। बाटोमा एकजना स्वास्तिक नामको घसिचा



Downloaded from http://www.dhamma.digital

संग भेट भयो । उनले सिद्धार्थलाई बस्न कुश आठमुठा दिए । बरवृक्ष मुनि कुशासनमा बसी पूर्व मोहडा गरी ध्यान बसे जुन ध्यान गर्दा गर्दै बैशाख पूर्णिमाको दिन सिद्धार्थ गौतमले बोधि-ज्ञान प्राप्त गरी बुद्धत्व प्राप्त गरे ।

ध्यान शुरु गरेपछि ध्यानमा सर्व प्रथम प्रेतहरु आए असले उनलाई डराउनदिन निकै प्रयास गरे, तैपनि अनेक प्रकारको मानसिक संवेदनाहरु पार गर्दै गए । उनलाई आफ्नो सम्पूर्ण पूर्वजन्मको स्मरण घटना भयो । कुन जन्ममा उनी के भएका थिए त्यो उनले ध्यानमा देखे । कसरी बस्तुहरुले रुप लिन्छ र त्यो नष्ट हुन्छ, यसमा गहिरीएर विचार गरे । उनको मष्टिक पवित्र हुँदै गयो र वेदनाको प्रकृतिबारे विचार गर्न थाल्यों । वेदना कसरी उत्पन्न हुन्छ र कसरी नष्ट हुँदै जान्छ भन्ने कुराको ज्ञान भयो । उनले काम इच्छा वेदना अमरत्वको इच्छा भ्रम आदि सम्पूर्ण वेदनालाई काटेर अन्तमा मुक्ति प्राप्त गरे । त्यस पछि लोकलाई उनले आफ्नो अनुभव बताए म आवागमनबाट मुक्त भए, यो संसार मेरो लागि अर्थहीन छ ।

सिद्धार्थ गौतम यसरी सातदिन सम्म ध्यान बसे । बैशाख पूर्णिमाको सायकालतिर सूर्य अस्ताउन आँटेको समय उनको ध्यान मुद्रा जाग्यो । ध्यानबाट जागेर केही समय बोधिवृक्षको वरपर घुम्न लागे र त्यस वृक्षलाई मनमनै कृतज्ञता प्रकट गरे जसले उनको ध्यानवस्थामा शीतल छाहारी दिएर सहयोग गरेको थियो ।



Downloaded from http://www.dhamma.digital

बोधिज्ञान प्राप्त गरे पछि बोधिवृक्ष मुनि बसेका बखत तपस्स र भल्लुक नामक दुई ब्यापारीले बुद्धलाई चामल··· ····· ··· ··· ··· ··· को भोजन गरायो भोजन गरे पछि बुद्धले आफ्नो अनुभव बताए । उनको अनुभव सुनेपछि दुबै ब्यापारीले बुद्धको शिष्य बनी बस्ने प्रतिज्ञा गरे । तीनीहरू नै सर्व प्रथम गृहस्थीको रूपमा बौद्ध धर्मको अनुयायी भने । त्यस बखत बुद्ध ३५ वर्षका थिए ।

Dhamma.Digital

❋



Downloaded from http://www.dhamma.digital

# मध्यम मार्ग

बुद्धले आफ्नो विचार, जन जनमा पुर्याउने निश्चय गरे। एकजना यस्तो व्यक्तिको खोजी गरे असले बुद्धका कुराहरूलाई तुरुन्त बुझ्न सकोस् । यो विचार गर्दा गर्दै बुद्धले आफ्नो प्रथम गुरु आलार कलामलाई सम्झे , जुन व्यक्ति अध्यात्मकबादतिर तीव्र गतिले अगाडि बढि सकेका थिए । उनको खोजी भयो। तर उनी मरिसकेका रहेछन् । त्यस पछि उद्धक राम पुत्रलाई खोजे उनको पनि मृत्यु भइसकेको थाहा भयो । अन्तमा बुद्धलाई आफ्नो पहिलेका ५ जना मित्रहरूको याद आयो जो व्यक्तिहरू संगै बसी बुद्धले तपस्या गरेका थिए र उनीहरू बुद्धसग रिसाएर साथ छोडेका थिए । त्यस बखत ती तपस्सीहरू वाराणसीको नजिक इसिपत्तनाको मृगदाय उद्यानमा बस्दथे । त्यहाको लागि बुद्ध पैदल प्रस्थान गरे । एकशय मील टाढा भएकोले साँझ पख बुद्ध आफ्ना साथीहरू भएको ठाउँमा पुगे । बुद्धलाई देख्ने बित्तिकै उनीहरू आश्चर्यचकित भए र उनको साथबाट अलग भएर आउँदा खेरिको घटना पनि सम्झे । जब बुद्ध तिनीहरूको नजिक पुगे तिनीहरू आपसमा कानेखुसी गर्दै भने " हेर हेर आफुलाई सन्यासी भन्ने गौतम आएको छ । चाहन्छ सुख, बन्छ सन्यासी । हामीलाई उ प्रति श्रध्दा छैन, हामी कुनै प्रकार को आगन्तुक सेवा गर्न पनि चाहदैन । मन लाग्छ भने आउँछ बस्छ ।



Downloaded from http://www.dhamma.digital

बुद्ध तिनीहरूको एकदम समिपमा पुगे पछि तिनीहरूले उनीमा केही परिवर्तन भएको पाए । उनी शान्त प्रतिभाशाली गरीमामय देखिन्थे । यस्तो पहिला तिनीहरूले देखेंका थिएन । बुद्धलाई त्यस्तो प्रकारको प्रतिभाशाली व्यक्तित्व देखेर उनीहरू चुप लागेर बस्न सकेनन् पंचवर्गीयहरूमा क्रोध हराएर गयो । तिनीहरूले बुद्धलाई आदर पूर्वक सेवा गर्न लागे । एक जनाले बुद्धको हातको पिण्डपात्र लिइ, एक जनाले चीवरको पांका लिए, आसन राखिदिए, एक जनाले पानी लिन दौडे ।

आषाढ़ पूर्णिमाको दिन संन्ध्याकालमा बुद्धले आफ्नो ज्ञानको पहिलो प्रवचन दिए । त्यस प्रवचनलाई " धर्मचक्रप्रवर्तन " भन्ने नाम दिए । यो बुद्धको सर्व प्रथम दिएको विशिष्ट धर्मदेशना मानिन्छ । बुद्धको प्रवचनको मर्म सर्व प्रथम कोण्डन्यले बुझी उनी अरहन्त भए । कोण्डन्य त्यही ब्राह्मण हो जसले सिद्धार्थलाई बुद्ध हुन्छ भनी भविष्यवाणी गरी बुद्ध सिध्दार्थले बुध्दत्व प्राप्त गरे पछि उनीबाट ज्ञान हाँसिल गर्न घर छोडी ज्ञानको खोजीमा हिडेका थिए । बुद्धको सम्पूर्ण प्रवचन त्यस दिनमा समाप्त भएको थिएन । दोस्रो दिनको धर्म देशनामा महानाम तेस्रो दिनमा वप्प, चौथो दिनमा भद्दिय र पांचौ दिनमा अश्वजितले बुद्धको ज्ञान हासिल गरी उनीहरू अरहन्त भए ।

बुद्धधर्मको प्रमुख विशेषताबारे यहाँ उल्लेख गर्नु समुचित होला । बुद्ध धर्म अत्यन्त शुक्ष्म तरीकाले गणितको आधारमा व्याख्या गरिएको पाइन्छ । त्यस बखत लेख्ने प्रचलन त्यति थिएन ।



Downloaded from http://www.dhamma.digital

त्यस कारण गुरुले सिकाएको ज्ञान सिष्यहरूले कंठस्थ पार्नुपर्दथ्यो । यसरी नै बुद्धले आफ्नो सम्पूर्ण सिध्दान्तहरू र नियमको वर्णन विशेष प्रकारबाट आर्य अष्टांगिक मार्ग, चतुर आर्य सत्य र पञ्चस खण्डको रूपमा विभाजित गरी, जटिल शैली, दुर्बोध विचारहरूको रूपमा श्रृंखलाबध्द तरीकाले राखी त्यसलाई कंठस्थ पारी एकले अर्कोलाई कंठ मन्त्र सजिलो पारे ।

" चतुरआर्य सत्य " बुध्द दर्शनको प्रमुख आधार शिला हो ।

१. जीवन दु:खमय छ किनकि विरामी, बृध्दावस्था, असन्तोष र मृत्युको भयले यसलाई घेरेको छ ।

२. दु:खको कारण तृष्णा हो. तृष्णाले गर्दा संसारमा संघर्ष गर्नु पर्दछ जस्तैं इन्द्रिय-जन्य आनन्दको इच्छा चिन्ताबाट मुक्तहुने इच्छा सधैं बाँचिरहने इच्छा आदि हुन्छ ।

३. यस प्रकार दु:खको नाश गर्ने उपाय तृष्णा निरोध गर्नु हो ।

४. चौंथो आर्य सत्य इच्छालाई नष्ट गर्ने बाटो बनाउनु हो । यही बुध्दको उपदेशको मूल अंग हो । यसलाई नै आर्य अष्टांगिक मार्ग वा मध्यम मार्ग भन्दछन् । यस धर्मलाई सम्झाउनको लागि बुध्दले पञ्च वर्गीय भिक्षुहरूलाई भन्नु भयो । " जसले संसार त्याग गर्छ, उसले दुई कुराबाट बच्नु पर्दछ ! प्रथमत: अनुरागहरु विशेषत कायानुरागबाट अलग रहनु पर्छ । यो घृषित, असंस्कृत अयोग्य र अलाभकर भनी विचार गर्नु पर्दछ ! " यस्तो प्रकारको भावना संसारिक व्यक्तिहरुलाई मात्र सुहाउँछ । दोस्रो कार्य हो कायाकष्ट, जो दु:ख छ, कुरुप छ र अलाभ कर छ । बुध्दले



Downloaded from http://www.dhamma.digital

स्वय यस्ता दुवै कुराहरुको अनुभव गरिसकेका थिए । रागात्मक जीवन त्यो हो जो बुद्धले आफ्नो जवानी अवस्था महलमा व्यथित गरे र कायाकष्टको विधि सम्झी उनले जानेको थिएम। बुद्धले रागात्मक जीवनलाई छोडे भनी जुन व्यक्तिले सुन्दथे ती व्यक्तिहरु रुष्ट हुन्थे । बुद्धले रागात्मक जीवन त्यस कारण बहिष्कार गरे । त्यस प्रकारको जीवन आध्यात्मिक उन्नतिको लागि बाधक हुन्छ र कायाकष्ट गर्न त्यस कारण छोडे जस्ले मष्टिक-लाई कमजोर गराउँछ ।

यी दुवै प्रकारको कष्टपूर्ण कार्यहरुका विकल्पको मार्ग मध्यम मार्ग हो अथवा आर्य अष्टागिक मार्ग हो । यो मार्ग रागात्मक मार्ग र कायाकष्टको मार्गबाट बन्चित भएको छ । यस मार्गका आठवटा मार्गहरु छन्, सम्यक् दृष्टि, सम्यक् संकल्प सम्यक् वचन, सम्यक् कर्मांत, सम्यक् आजीव, सम्यक् व्यायाम सम्यक् स्मृति र सम्यक् समाधि ।

सम्यक् दृष्टिको अर्थ हो, जो चीज जस्तो छ त्यो त्यस्तै चीज हो भनी जान्नु । चतुरआर्य सत्य अनुरुप जीवनलाई बुझ्नु जो चतुरआर्य सत्य भनिएको छ त्यस अनुरुप जीवन के हो विचार गर्नु पर्दछ । सम्यक् दृष्टिलाई पनि भौतिकवाद तिर उन्मुख गराइएको पाइन्छ !

सम्यक् सकल्पको अर्थ हो पवित्र चिन्तन, काम, क्रोध, ईर्ष्या आदि कर्मबाट मुक्त रहनु । यस प्रकारको कार्य गर्न अनेक बाधा जड्चन आइ पुग्दछ । संम्यक् संकल्पको सम्यक् वचन सम्यक् कर्मांत, सम्यक् स्मृति र सम्यक् समाधिसग घनिष्ट सम्बन्ध रहन्छ !



Downloaded from http://www.dhamma.digital

सम्यक् वचनको अर्थ हो, प्रत्येक विचारलाई विशुद्ध गराउंदै लैजानु । जस्तै असत्य, चुगली, अनावस्यक कुराकानी आदि गर्ने बाट बच्न पर्दछ । कुराकानी सहृदयतापूर्ण गर्नु, कठोर वचन नगर्नु । सम्यक् वचन नत उत्तेजनापूर्व हुन्छ, नत दुराग्रहपूर्ण हुन्छ, नत कसैलाई त्यस वचनले उत्तेजित गर्दछ । सम्यक् वचन भनेको राग, द्वेश, मोहबाट अलगिएको पवित्र बचन हो ।

सम्यक् कर्मान्त ५ भागमा विभाजित छ । प्रथम त हिंसा नगर्नु, सबै जीवित प्राणिप्रति दया करुणा राख्नु । चोरी नगर्नु परस्त्री संग मन नगर्नु, नशालु पदार्थ सेवन नगर्नु, काम राग र क्रिशाबाट बच्न यसले बढी जोड दिएको छ । यस प्रकार सम्यक् कर्मान्त, सम्यक् दृष्टि, सम्यक् संकल्प र सम्यक् व्यायाम संग सम्यक् कर्मान्तको सम्बन्ध छ ।

सम्यक् आजीव अत्यन्त स्पष्ट छ । जीवीकाको लागि कुनै त्यस्तो व्यापार नगर्नु, जसले बुद्धको नीति विपरीत कार्य गरोस । आजीवीकाको लागि कसैलाई धोखा दिनु हुदैन नत शोषण गर्नु हुन्छ, अन्याय अत्याचार र कुनै पनि व्यक्तिलाई नोक्सान पुग्ने आदि काम गर्नु हुन्न । बुद्धका अनुयायीहरूले मानिसलाई सुकी बिक्री गर्ने काम, प्राणी हत्यागरी मासु बेच्ने काम, विषालु पदार्थ वा नसालु पदार्थ आदि बेच्नबाट बन्चित गराएको छ । कुनै पनि बौद्धधर्मावलम्बीहरू सैनिक बन्नु, सिकारी बन्नु, माछा मार्ने आदि कार्य पनि अनुचित कार्य ठहरिन्छ । त्यसरी नै बढी ब्याजले ऋण दिनु, वेश्यावृति गर्नु र कुरा खेलाई



Downloaded from http://www.dhamma.digital

मानिसलाई बहकाउने कार्य गर्नु पनि पाप हो । बुद्ध जीवनको आदर्श हो गृह त्याग गरी संसारिक भोगबाट मुक्ति पाउनु । अतः जीवनलाई अत्यन्त सादा रूपमा ढाल्न पर्दछ । जसको व्यवहार परिवार छ त्यसले पनि आफ्नो जीवन सादो रूपमा साधारण रूपले बिताउनु, उच्च महान विचार राखी सम्यक् आजीवको बाटोमा सम्यक् दृष्टि, सम्यक् व्यायाम, सम्यक् स्मृति संग सम्बन्धित रहिरहनु पर्दछ ।

दुर्गुणबाट मुक्तिलाई सदगुणहरूको गृहण गर्नु सम्यक् व्यायाम हो । सम्यक् व्यायाम पनि चार भागमा विभाजित छ । त्यसको नीति पालन गरेपछि मात्र आर्य अष्टांगिक मार्गको संपूर्ण आवश्यकता पूरा हुन जान्छ । सम्यक् व्यायामद्वारा नै दश पारमिता पूर्णगर्न सक्दछ । त्यो दश पारमिताहरू हुन दान, शील, निष्कामता प्रज्ञा, वीर्य ( पुरुषार्थ ) शांति, ( सहनशीलता ) सत्य, अधिष्ठान, दृढ-संकल्प, मैत्री र उपेक्षा ( ममता )

सम्यक् स्मृतिले आध्यात्मिक उन्नति गर्नको लागि सतर्क गराउँछ यस अनुरुप व्यक्तिको मष्टिकलाई प्रशिक्षित गराई उनीहरू कल्पनामा होइन यथार्थमा गहिरिन्छ । एकागृतामा लीन भई ( १ ) शारीरिक बेदनाहरू ( २ ) मष्टिक ( ३ ) अनुभूति ( ४ ) मष्टिकलाई जागरूक गराउने विचारमा लीन हुन्छ । यी चार कुराहरूलाई जागरुक गराएर बोधिको सात अगहरू सतत जागरूकता, धर्म विना तर्क ग्रहण गर्नु, पुरुषार्थ प्रीति (आनन्द) प्रश्रब्धि (प्रशांति) समाधि र चित्तलाई समता भावमा राख्न सक्दछ ।



Downloaded from http://www.dhamma.digital

सम्यक् समाधि आर्य अष्टांगिक मार्गलाई सहयोग पुऱ्याउने अन्तिम विन्दु हो । त्यस्तो प्रकारको ध्यानमा सबै वस्तुहरूको अनित्य बोध हुन्छ र निर्वाण प्राप्त हुन्छ । ध्यानको लागि पनि अन्य कार्यहरूको लागि जस्तै प्रशिक्षणको आवश्यकता पर्दछ । ध्यानमा सास एकनासले विस्तार विस्तार लिने छोड्ने गर्नु पर्दछ । चित्तलाई समता भावमा राख्न सक्नु पर्दछ, जब चित्त चञ्चल भएर यताउती डुल्छ त्यस बखत विस्तार विस्तार धैर्य पूर्वक त्यसलाई हटाउदैं जानु पर्दछ । ध्यानका बाटोमा ५ प्रकारका काँढ़ा छन् तिनलाई हटाएर या कमजोर बनाएर लग्न सके मात्र ध्यान शुरू गर्न सकिन्छ । यो हो कामुकता, अनिष्ट काम गर्ने इच्छा, आलस्य, दिक्क मान्नु र संशय ।

बुद्धले आफ्ना ५ जना साथीहरूलाई यसको अतिरिक्त अन्य धेरैं उपदेशहरू दिए । आत्मा छैन भन्ने सिद्धान्तबारे मा पनि विस्तृत व्याख्या गरे । आत्मालाई नमान्नुन अन्य धर्महरू को विचारको विपरीत विचार हो । र आत्मालाई नमानेर के बौद्ध धर्मलाई धर्म मान्न सकिन्छ ? बौद्ध धर्म हो, जो आर्य अष्टांगिक मार्गलाई बुझे पछि सिद्ध हुन्छ ? बुद्धले दार्शनिक तर्क र तर्कमा सम्मिलित हुन मन पराउँदैनथे ।


Downloaded from http://www.dhamma.digital

# " संघ "

जुन व्यक्तिले प्रव्रज्या ग्रहण गर्दछ, त्यो संघको सदस्य हुन्छ र सघको प्रत्येक सदस्य बुद्ध द्वारा प्रणीत नियम-हरूको परिधिभित्र रहन्छ । पंच वर्गीयहरूले प्रव्रज्या ग्रहण गरे पछि संघहरू तीव्ररूपमा बढे ! गौतमका यी पाँचजना पुराना साथी जसको लागि बुद्धलें आफ्नो पहिलो उपदेश मृगदाय वनमा दिएका थिए, पहिले देखि सत्यको खोजमा थिए र प्रव्रजित हुने बाटाको खोजीमा थिए । तर यिनीहरू पछि जसले दीक्षा लिए तिनीहरूको कुनै पूर्व आधारनें थिएन, नत तिनीईरूलाई धर्म प्रति रुचि थियो न कुनैं ज्ञाननैं थियो । तिनीहरू सीधा सादा गृहस्थी हरू थिए । अकस्मात बुद्धको सम्पर्कमा आएका थिए । त्यस समय घर छोडी सन्यासी बन्नु साधारण कुरा थियो, तर जब बुद्धको संघ र उपदेश तीव्र गतिले बढ्यो तब मनिन्छकि बुद्धका उपदेश गत्यात्मक रूपबाट सशक्त र आकर्षक थिए होलान् । आकर्षक हुनुको बिशेष कारण के होला भने बुद्धका प्रवचन स्पष्ट र छिटो बुझ्न सकिने सरल भाषामा हुन्थे र आफ्नो उपदेश सम्झाउनमा बुद्धले दृष्टान्तहरू बढी मात्रामा उपदेश गर्दथे । बुद्धको उपदेशको तीव्रता त्यो उपदेशबाट जान्न सकिन्छ । जुन उपदेश उनले मृगदाय बनमा दिएका थिए त्यो उपदेश लिखित रूपमा उपलब्ध छ । एकदिन जब मृगदाय बनमा बुद्धले बसेर आफ्नो उपदेश दिईरहेका थिए एकजना अत्यन्त धनी व्यक्तिका



Downloaded from http://www.dhamma.digital

छोराले पनि उक्त उपदेश सुनेका थिए ती व्यक्ति धन र संसार देखि दिक्क थिए र आफ्नो जीवनलाई फिका मानेका थिए । बुद्धको उपदेश सुनेपछि उनले संसार असार र वर्तमान जीवन व्यर्थ रहेछ भनी तुरुन्त बुद्ध संग ज्ञान लिए ।

उनी यसरी बुद्ध शासनमा गएपछि उनका माता, पिता चिन्तित भए । पिता चाहिं उनलाई खोज्न निस्के । साँझ उनको भेट बुद्ध संग भयो । बुद्धले ती व्यक्तिलाई भनि तिम्रो छोरा मेरो शरणमा आएको भनिदिए छ र उनलाई पनि बुद्धले उपदेश दिए । उनी अत्यन्त प्रभावित भए । बुद्धको उपदेश सुनेर उनी बुद्धका उपासक बने । गृहस्थीमा नै रहेर बुद्ध धर्म प्रचारको लागि मद्दत गर्न लागे उनले भिक्षु संघलाई जुन वखत ६ जना पुगेका थिए घरमा भोजनको लागि निमन्त्रणा गरे ।

बौद्ध भिक्षुहरू कुनै गृहस्थीको घरमा भोजन गर्न गए पछि भोजन ग्रहण गरि सके पछि उपदेश दिने प्रचलन छ । उपदेश दिने चलन भगवान बुद्धले जव यशका पिताका घरमा भोजन गरि सकेपछि जुन उपदेश दिएका थिए, त्यही दिन देखि यो नियम रहन गयो । जुन समयमा यशको घरमा बुद्धले उपदेश दिएका थिए त्यहा यसका पिता, माता, पत्नी र उनका चउन्न जना मित्रहरू उपस्थित थिए । चउन्नै व्यक्तिहरूले जब बुद्धको उपदेश सुने सबै अत्यन्त प्रभावित भई बुद्ध संग दीक्षा पाउन का लागि प्रार्थना गरे र दीक्षित भएर संघमा सामिल भए । यसरी संघ अब साठीजनाको समूह भयो ।



Downloaded from http://www.dhamma.digital

केही समयपछि जब तिनीहरूले बुद्धको सम्पूर्ण ज्ञान हासिल गरे तब बुद्धले भने " भिक्षुहो जन-हितार्थ त्यो सत्यको प्रचार गर जो सुरुमा मध्यममा र अन्तमा समेत कल्याणकारी हुन्छ। तिमीहरूलाई त्यस्तो व्यक्तिहरू अवश्य भेट हुनेछ जसको आँखामा धूलो छापिएको हुँदैन । त्यस्ता व्यक्तिहरूलाई उपदेश दिनु तिनी-हरूले त्यो उपदेश सुन्छन् ।

त्यस बेला अन्य धर्मगुरुहरू जस्तै बुद्ध पनि भ्रमणशील थिए । एक ठाउँबाट अर्को ठाउँमा घुमी घुमी उपदेश दिन्थे। पैंतालीस वर्ष सम्म बुद्धले उत्तरी भारत पूर्वी भारतका टाढा टाढा सम्म भ्रमण गरी धर्म प्रचारको काम गरे । मात्र वर्षा ऋतुमा आफ्ना शिष्यहरूको साथ एक विशेष स्थानमा वर्षावास गर्दथे ।

भगवान बुद्ध सर्वप्रथम मृगदाय वनबाट उरुबेलको लागि प्रस्थान गरे । यात्राको समयमा धेरै ठाउँहरूमा विश्राम गर्दै गए। बाटोमा एक ठाउँ जंगलनीर एउटा वृक्षको छाहारीमा बसेका थिए । त्याहा केही व्यक्तिहरू वन विहार गर्न आएका थिए। तिनीहरू ३० जना थिए साथमा तिनका पत्नीहरू समेत थिए। तिनीहरू मध्ये एक जनाको आफ्नो पत्नी साथमा थिइन। उसले एउटा वेश्यालाई लिएर आएको थियो । उनीहरू खानपिन गरी आनन्दले आराम गरेको बखत वेश्याले आफ्नो साथीका सबै सामानहरू चोरेर भागे । वेश्या भागेको थाहा भए पछि सबै जनाले उनीलाई खोजी गर्न थाले । वेश्यालाई खोज्दै गएको बखत



Downloaded from http://www.dhamma.digital

एक वृक्ष मुनि बुद्ध बसेको देखेपछि वेश्याले आफ्नो सामानहरू चोरेर गएको कुरा बताई सोधे के त्यस्तो महिला एक्टा यहाँ बाट गएको देख्यौ ?

बुद्धले जवाफमा भने "यो भन कि एक स्त्रीलाई खोज्न जाने कि आफूले आफूलाई खोज्ने" ? बुद्धको कुरा सुने पछि तिनीहरू छक्क परेर बिना बिचार जवाफ दिए "आफूलाई खोज्नु ठीक हो" । त्यस स्त्रीलाई खोज्न छोडी तिनीहरू बुद्धको उपदेश सुन्न बसे । उपदेश सुनिसके पछि तिनीहरूको आँखा खुल्यो र तिनीहरु सबै प्रव्रजित भई संघको शरणमा सामिल भए ।

उरुबेलमा बुद्धले ३ जना जटाधारी जोगिहरुलाई भेटे, जसलाई कस्सप भन्दथे । उरुबेल कस्सपको ५०० जना चेलाहरु थिए । नदी कस्सपका ३०० चेलाहरु थिए । तेश्राका २०० चेलाहरु थिए जसलाई गयाको कस्सप भन्दथे ! यी तिनै व्यक्ति हरुले आफ्ना शिष्यहरु सहित बुद्धको उपदेश सुने र भिक्षु भए यसरी बुद्धको प्रारम्भिक कालमा नै भिक्षु संघको विस्तार हुँदै गयो र ती ३ साधुहरु ख्याति प्राप्त भएका कारणले गर्दा भिक्षु संघको पनि महत्व बढ्यो । यसरी भिक्षु संघको प्रभाव बढे पछि त्यहाँका राजा बिम्बिसारले पनि बौद्ध धर्म ग्रहन गरी आफ्नो सम्पूर्ण राज्यमा बौद्ध धर्मको प्रचार गरे !

राजा बिम्बसारले बुद्ध शासनमा आफ्नो आधा राज्य दिएर सन्यास जीवन विताउने प्रयास गरेका थिए । भ्रमण गर्दै गएको बखत बुद्ध भिक्षु संघको साथ मगध राज्यको राजधानी



Downloaded from http://www.dhamma.digital

राजगृह पुगे । राजा बिम्बिसारले बुध्दको आगमन भएको समाचार सुने पछि राज्यको अन्य कर्मचारीहरुका साथमा भेट्न पुगे । राजा बिम्बिसार उरुबेलका कस्सपहरु बुध्दको शरणमा गई भिक्षु भएको देखेर आश्चर्य चकित भए । बिम्बिसार संग आएका ब्राह्मणहरु त भयभीत भए किनकि बौध्द धर्मले चार वर्गमा विभाजित उनीहरुको धर्मलाई नाश गरी दिन्छ । बुध्दले कुनै प्रकारको खुसी ब्यक्त नगरी आफ्नो उपदेश शान्ति पूर्वक यी शब्दहरुमा दिए , तपाई दुखी हुनुहुन्छ किनकि तपाईमा अनेक कामना इच्छाहरु छन् । तपाईका कामनाले तपाईलाई ब्याकुल बनाएको छन् । तपाईको इच्छा पूर्ण भएर पनि सन्तुष्ट हुनुहुन्न अत: विचार गर्नु पर्छ सुखको बाटो कुन हो ? जसरी आगामा दाउरा नराखे आगो निभेर जान्छ त्यसरी नै इच्छा नगरेमा दु:ख रुपी आगो त्यसै निभेर जान्छ ! तपाईले स्वार्थ पूर्ण आशाहरु र इच्छाहरुमा विजय प्राप्त गर्न सक्नु भएमा साँचो सुख प्राप्तिको अनुभूति हुन्छ ।

जब बुध्दको प्रवचन समाप्त भयो तब बिम्बिसारले आफ्नो सम्पूर्ण सेवकहरु सहित आफुलाई बुध्दको उपाशकको रुपमा ग्रहण गर्न बुध्द संग प्रार्थना गरे । उनले बुध्द समेत सबै भिक्षु संघ हरुलाई राजमहलमा निमन्त्रणा गरी आफ्नो हातबाट भोजन दान गरी आनन्द वन र वेणु वन संघको लागि दान दिए ।

बुध्दले वर्षाकालमा आफुलाई मन परेको ठाउँमा गई एकान्त वर्षावास गरी ध्यान बस्दथे ! यसरी सर्वप्रथम बुध्दले



Downloaded from http://www.dhamma.digital

वर्षावास पंच वर्गीयहरूको साथमा सर्वप्रथम उपदेश दिएको ठाउँ मृगदाय वनमा बसेका थिए । सातौ वर्षावास बुद्धले बिम्बिसारको राज्यमा बसेका थिए । त्यस बर्षावासमा बुद्धले दुई नयाँ शिष्य-हरूलाई उपदेश दिए जो पछि गएर बुद्धको प्रधान शिष्यहरू हुन पुगे ।

राजगृहको नजिक उपतिष्य र कोलित नामको दुई गाउँ-हरू थिए ! दुबैं गाउँको मुख्य ब्यक्तिको नाउँ पनि त्यही थियो ! दुबैं गाउँका माउँलेहरू आपसमा अत्यन्त मेल मिलाप र प्रेम भाव राख्थे । उपतिष्यको रानी रूपसारिले एक पुत्र जन्माइन् उता कोलितको पत्नी मोग्गलीले पनि एक पुत्र जन्माइन । उपतिष्यको पुत्रको नाउँ सारिपुत्र राखे र कोलितको पुत्रको नाउँ मोद्‌गल्यायन ।

बालककालदेखि नैं दुबैमा मित्रता भयो र जब दुबै ठूला भए तिनिहरूलाई नाटक हेर्नमा ठूलो सोँख भयो । तिनीहरू नाटक हेर्दथे र सोच्दैं थिएकि तिनीहरूनैं मानो मंचमा देखिएको छ, जीवनको अर्थं नाटकभन्दा अझ बढी छ । एक रातमा जब तिनीहरू शैल उत्सब नामको नाटक हेरिरहेका थिए त्यसबेला जिवनको सही अर्थ बुझी गृह त्याग गरिदिए । तिनीहरू सर्वप्रथम सेंचय नामका गुरुकहाँ पुगे । उनी राजगृहको समीपमा रहन्थे । तर ती दुबैं युवकहरू उनीबाट सन्तुष्त भएन तब तिनीहरूले स्वयं सत्यको खोजीमा चिन्तन र ध्यान गर्ने प्रतिज्ञा गरे र के पनि निधो गरे भनि दुईमध्ये एकले जसले सत्यको दर्शन पहिला प्राप्त गर्दछ त्यसले अर्कोलाई आफ्नो अनुभव बताउनु पर्छ ।

एक दिन सारिपुत्र उपतिष्य राजगृहको सडकमा घुमिरहेको



Downloaded from http://www.dhamma.digital

बखत एक जना भिक्षुले पिण्डपात्रलिई घर घरमा भिक्षा मागिरहेको देखे ! उनीलाई के लाग्यो भने त्यो साधारण सन्यासी पक्कै होइन । जब उनको नजिकमा भिक्षु आइपुगे तब उनको मुख मण्डलमा निर्मल जटाअस्तो अलौकिक शान्ति छाइरहेको पायो । उनलाई के लाग्यो भने जुन प्रश्नको उनी खोजमा हिडेका थिए त्यसको जवाफ यसले अथवा यसको गुरुद्वारा पाउन सकिन्छ ! भिक्षुले भिक्षाटन गरि सकेपछि सारिपुत्र उनको नजिकमा पुगी भने " म तपाईको शान्ति र सौम्यतासग मुग्ध छु , कृपया मलाई तपाईका गुरुको नाम बताइदिनुहोस् ! "

भिक्षु अरु कुनै थिएनन् बुद्धको पाँच शिष्य मध्ये एक अस्सजित भिक्षु थिए ! ती भिक्षुले आफ्नो गुरुको नाउँ बताई दिए र सारिपुत्रलाई उपदेश पनि दिए उपदेश सुनेर उनी अत्यन्त प्रभावित भए र कोलितलाई साथमा लिएर बुद्धको दर्शनार्थ गए र उपदेश पाए पछि उनीपनि संघमा सामिल भए। भविष्यमा यी दुबै बुद्धका प्रधान शिष्यहरुमा गनिए ।

बिम्बिसारको अनुशरण गरी धेरैं धनी व्यक्तिहरुले आफ्नो वन- उद्यान संघलाई दान दिए । तुरुन्त एकजना धनी व्यापारीले बुद्धको आज्ञा लिएर राजा बिम्बिसारले दान दिएको वेणु-वनमा भिक्षुहरूलाई वर्षावास गर्नको लागि विहार निर्माण गरी भगवान बुद्ध सहित भिक्षुसंघलाई आफ्नो घरमा भोजनको लागि निमन्त्रणा गरे र आफ्नो सम्पूर्ण सम्पत्ति संघलाई दान दिए ।

जुन दिन भिक्षुसंघलाई व्यापारीको घरमा भोजनको लागि



Downloaded from http://www.dhamma.digital

निमन्त्रणा गरेको थियो त्यसको एकदिन अगाडि ब्यापारीहरूका मालिक अनाथपिंडक सेठ ब्यापारीहरूलाई भेट्न आएका थिए। सेठले ब्यापारीको घरमा निकै चहल पहल देखे । भान्सामा भोजन बनाउनमा केही ब्यक्ति तल्लीन थिए नोकरहरु यताउता सामान ओसार पसार गरिरहेका थिए सेठतिर कसैले ध्यानदिन सकेका थिएन । सेठले सोचे पहिला पहिला त यिनीहरू सबै काम छोडी मेरो तर्फ ध्यान दिन्थे । आब त्यो खै ? के यो घरमा कसैको विवाह हुदैछ वा राजा बिम्बिसारलाई निमन्त्रणा गरेको छ ।

ब्यापारीले आफ्नो काम छोडी सेठ अनाथपिंडकलाई भेटी त्याहाँको चहल पहल बारे सबै कुरा बताए । यो सबै कुरा सुनी अनाथपिंडकले बुद्ध संग भेट्ने दर्शन गर्ने इच्छा गरे । दोस्रो दिन बिहानै वेणु-वनमा गए र बुद्धको उपदेश सुने पछि उनी बुद्धका उपासक बने ।

अनाथपिंडक श्रावस्तीका निवास थिए। उनले अर्को वर्षावास को लागि श्रावस्तीमा निमन्त्रणा गरे । बुद्धले उनको प्रार्थना स्वीकार गरे । घर फर्के पछि अनाथपिंडकले वर्षावास गर्न भिक्षु सघलाई अनुकुल ठाउँ बनाउन उपयुक्त होला भनी उनलाई राजकुमार जेतको वन राम्रो लाग्यो । त्यो ठाउँ किन्न मूल्य सोध्दा जेतले अत्यन्त महंगो भने ; उनले भने "वनको सम्पूर्ण जमिनमा रुपियाँ बिछ्याई दिनु त्यो रुपियाँ मैले लिन्छु । जमिन तपाईलाई । अनाथपिंडकले गाडामरी रुपियाँ झिकाई वनको



Downloaded from http://www.dhamma.digital

जमिनमा बिछ्याउन लागे । थोरैं जमिन मात्र खाली भयो । जेतले थाहा पायो कि यो साधारण खरिदारी होइन । जेतले भने, बाँकी जमीनमा रुपियाँ बिछ्याउनु पर्दैन यो बाँकी जमिन म आफैंले संघलाई दान दिन्छु ।" त्यस ठाउँमा उनले विहारको मूलढोका बनाई दियो बाँकी जमिनमा अनाथपिण्डकले भिक्षु संघको लागि विहार बनाइदिए र आवश्यक सामग्रीहरु जुटाइदिए । यो विहारको नाउँ जेतवन विहारको नामले प्रसिद्ध भयो । यहाँ बसेर बुद्धले आफ्नो खास विशेष काम गरे ।

हरेक वर्ण हरेक परिस्थितिबाट बुद्धको शरणमा आएका व्यक्तिहरुलाई उपदेश दिए । तिनीहरु मध्ये उपाली नामक व्यक्तिले बुद्धको उपदेश पाएर बोध हुनु विशेष महत्वको कुरा थियो । किनकि उपाली भगवान महावीरका विशेष शिष्य थिए । जसले त्यस समय उत्तर भारतको भ्रमण गरी जैन धर्मको प्रचारमा लागेका थिए ।

बुद्धले जब नालन्दाको नजिकै उपदेश दिइरहेका थिए, उपालीले उनको उपदेश सुनी बौद्धधर्मबाट प्रभावित भई बुद्धको शरणमा जान प्रार्थना गरे । बुद्धले भने "उपाली आफ्नो निर्णयमा पुनः विचार गर । तिमी जस्तो विशिष्ट व्यक्तिले तुरुन्त निर्णय लिनु उचित छैन ।"

उपालीलाई बुद्धको वचनले आश्चर्यचकित गरायो कि तिमी जस्तो व्यक्तिलाई बुद्धले शरण लिन मञ्जुर गरेका छैनन् । बुद्धको त्यो वचनले उपाली अझ प्रभावित हुँदै भने यदि म



Downloaded from http://www.dhamma.digital

कुनै अर्को संप्रदायमा दिक्षित हुन चाहेको भए उनीहरु उपाली अस्तो बिशिष्ट व्यक्ति यस धर्म संप्रदायमा आयो भनी खुसियाली मनाउथे । तर भगवान मलाई शरण लिनमा पुर्नविचार गर्न समय दिदै हुनुहुन्छ । उनले बुद्धको स्पष्ट विचारहरुको लागि धन्यबाद दिए र दिक्षित भएर संघको शरणमा प्रवेश गर्यो ।

पुन्न दीक्षित हुनुको पनि अत्यन्त महत्व छ । पुन्न सनापरंत प्रदेशका मानिस थिए । यो प्रदेश भारतको उत्तर महाराष्ट्र र दक्षिण गुजरातमा पर्दछ । बम्बईको उत्तर पट्टि "सुप्परक पत्तन" भन्ने ठाँउ त्यो प्रदेशको प्रमुख बन्दरगाह थियो, जसको अवशेष "नाला सुपारा" नामक गाउँको नजिक पाइएको थियो । पुन्न यही सुप्परक बन्दरगाहमा बस्ने व्यक्ति थिए । बुध्द जेतवन बिहारमा बसेको बखत उनी व्यापारको सिलसिलामा श्रावस्ती आएका थिऐ । व्यापार सकेपछि संध्याको समयमा जब उनीलाई फुर्सद भयो उनलाई थाहा थियो बुध्दको उपदेश सुन्न मानिसहरु गइरहेको थिए ! तब उनीपनि ती मानिस हरुको साथमा गऐ ! प्रथम पटक बुध्दको उपदेश सुन्नासाथनै पुन्न अत्यन्त प्रभावित भई आफ्नो व्यापारमा साझेदार रहेका व्यक्तिहरुलाई आफ्नो सम्पूर्ण धन सुम्पिदिएर बुध्दको शरणमा गई संघ हुन गएँ उनी बुध्दधर्मको प्रचारमा लागे !

केही समयपछि ध्यान भावना गरे पछि पुन्नले के वीचार गरे भने अब आफ्नो देशमा फर्कन पर्दछ र त्यहाँ बुध्दधर्मको व्यापक प्रचार गर्नु पर्दछ ती काम गर्नको लागि उनले बुध्दसंग



Downloaded from http://www.dhamma.digital

आज्ञा मागे ! बुद्धले तुरन्त आज्ञा दिएनन पुन्नको परीक्षाको लागि बुद्धले अनेक प्रकारको प्रश्नहरू उनीसग सोधे !

बुद्धले भने, "पुन्न" "सूनापरंतमा" त अनेक प्रकारका जंगली जातिका डरलाग्दा व्यक्तिहरु बस्दछन् ! त्यहाँको मानिसहरु निर्दयी र कठोर स्वभावका हुन्छन । उनीहरुले मानिसहरुलाई अनेक प्रकारले सताउछ र गाली गलौज गर्दछन । यदि उनीहरुले तिमीलाई गाली गर्दछन भने त्यस वखत तिमीले कस्तो अनुभव गर्दछौं ?

पुन्नले भने "मैले त्यस बखत सुनापरंतका व्यक्तिहरु अत्यन्त राम्रो र दयालु रहनेछ भन्ने अनुभव गर्दछु किनकि मलाई न त तिनीहरुले मार्न नै आए न मलाई ढुङ्गा मूदाले नै हान्न आए

बुद्धले भने " यदि तिनीहरुले तिमीलाई ढुङ्गाले हाने मारे तिमीले के अनुभव गर्दछौ ? "

पुन्नले भने " मैले यो अनुभव गर्दछु कि ती व्यक्तिहरु बडो भलादमी रहेछन किनकि मलाई मार्न अश्त्र शस्त्रत प्रयोग गरेन ? "

बुद्धले भने " यदि तिनीहरुले तिमीलाई अस्त्र वा डण्डा प्रहार गरे भने ? "

पुन्नले उत्तर दियो, " मैले त्यो अनुभव गरुला यिनी दयालु रहेछन मलाई मार्नत खोजेको छैन । "

बुद्धले भने, "यदि तिमीलाई उनीहरूले प्राण नै लियो भने

पुन्नले भने, " तब पनी म तिनीहरूलाई भलो चिता



Downloaded from http://www.dhamma.digital

व्यक्तिनै मन्दछु । किनकि मैंले यस्तो अनुभव गरुला मेरो यो सडेको शरीरबाट मुक्त गरिरहेछन भनी, मैंले ति सेवा गरे बापत उनीहरुलाई धन्यवाद दिन्छु ।

पुन्नको सम्पूर्ण जवाफ सुनेपछी बुद्धले पुन्नलाई स्नेहपूर्वक बिदा दिए "पुन्न तिमी अत्यन्त विनीत छौ, तिम्रो सहनशक्ति अपार छ । जाऊ र सूनापरंतका मानिसहरुलाई दुःख मुक्तिको बाटो देखाइदेऊ, जुन ज्ञान तिमीले पाएकाछौ" ।

पुन्न कृतज्ञतापूर्बक बुद्धसंग बिदालिई सूनापरतको लागि प्रस्थान गरे । त्यहाँ पुन्नको उपदेश सुनेर बर्षाबास भन्दा पहिले तिनको शिष्यहरु ५०० जना पुगे ।

यी सानातिना घटना बाहेक यस्तै धेरै व्यक्तिहरु बुद्धका शरणमा आए, जो गरीब र तल्लो जातिका थिए कोही अछूत जातिहरु पनि बुद्धको शरणमा आए । धेरै जसो गरीब र पीडित व्यक्तिहरु थिए जस्ले पोढे च्यामे आदिको काम गर्दथे उसलाई कुनै धर्मावलम्वीहरुले स्वीकार गर्दैनथे । यस प्रकार हिन्दू धर्मले यिनीहरुलाई घृणाको दृष्टीले हेर्दथे र भन्थे कि मानिसहरु आफ्नो पुर्वजन्मको कर्मको फल अनुसार तल्लो जातिमा जन्मन्छन । प्रत्येक व्यक्ति आफ्नो जातको अनुशासनमा बसी काम गर्नु पर्दछ, तर अछूत जातिलाई कुनै पनि जाति अन्तर्गत मानिदैनथ्यो । ती अछूतहरुको काम सडक, गल्ली, नालीहरु सफा गर्नु मरेको पशुहरुको लाश फ्याँक्नु र फोहरो मैलो फ्याँक्नु आदि ! आज पनि त्यस्ता ब्राह्मणहरु छन् जस्ले अछूत जातिहरुले छोएपछि



Downloaded from http://www.dhamma.digital

आफूलाई अपवित्र मान्द छन ।

तर बौद्ध धर्ममा जातीयताको कुनै अर्थ छैन । शुरु देखि यो धर्म सार्वभौम थियो । बुद्ध धर्मले पनि ब्राह्मणहरुले जस्तैं कर्म र पुनरजन्मलाई मान्दछ तर त्यसलाई जातीयतामा विभाजित गर्दैन र जाति पाति संग सम्बन्ध राख्दैन । त्यस प्रकारको बुद्धको नीतिलाई ब्राह्मणहरुले मनपराएनन् उनीहरुले बुद्ध हिन्दू धर्मको विध्वसक हुन् भन्दथे । यसबारे तलको कुराबाट अझ बढी प्रष्ट हुन सक्छ ।

जब बुद्ध श्रावस्तीमा बसिरहेथे, उनको एक विशिष्ट शिष्य भिक्षु आन्नद, जसले बुद्धको सम्पूर्ण सेवा गर्दथे, सधैं गाउँमा भिक्षाटन गर्न जान्थे । एक दिन भिक्षाटन गरेर बिहारमा फर्कि रहेका थिए, एकजना केटीले बाटोमा कुवाबाट पानी भरिरहेकी देखी पानी खाना मागें । केटी अछूत कन्या थिइन अछूतहरुले कसैंलाई पानी खान दिन हुदैनथ्यो । अतः आफ्नो जात बताई पानी पिउन दिन नामन्जुर गरि । यो सुनी आनन्दले भने, "बहिनी मैले तिम्रो जाति तिम्रो परिवार आदिको बारे सोधेको छैन । यदि तिमीसंग पानी छ भने मलाई अलिकति खान देऊ । आन्नदको कुरा सुने पछि कन्याले जसको नाउ प्रकृति थियो आनन्दलाइ पानी खान दिई । आन्नदको व्यवहार देखि उनी अत्यन्त प्रभावित भई आन्नससंग विवाह गर्न प्रयत्न गरिन । प्रकृति त्यो रागबाट मुक्त हुन नसकेपछि बुद्धले उनलाई बोलाई उपदेश दिन लागे जब सम्म उनको दिमागबाट आनन्दसग विवाह



Downloaded from http://www.dhamma.digital

गर्ने इच्छा हट्न सकेन । पछि उनले स्वयं बुद्धसंग आफुलाई प्रव्रज्या गराइदिन अनुरोध गरिन । बुद्धले अनागारिका संघको नियमानुसार प्रवज्यागरि दिए भन्निछ । उनले बुद्धको उपदेशलाई अन्तर आत्माले बुझेर बुद्धको विशिष्ट अनुगामिनी हुन पुगिन।

बुद्धद्वारा प्रकृति दीक्षित भए पछि ब्राह्मण र उच्च वर्गका व्यक्तिहरु भयभीत भए र उनीहरुले राजा प्रसेनजितसंग त्यसको शिकायत गरे । राजा प्रसेनजितले ब्राह्मण, क्षत्रिय र अन्य विद्वानहरु साथमा लिई बुद्ध भएको ठाउँमा गएर बुद्ध को कार्यको बारेमा ज्ञान खोजे ।

बुद्धले तिनीहरु सबैलाई त्रिशंकुको कथा सुनाए त्रिशंकु एक अछूत जातिको मुखिया थियो । उसको पुत्रको नाउँ शार्दूलकरण थियो त्यो विद्वान र प्रशिक्षित थियो । उसलाई आफ्नो आमा बुबाप्रति अभिमान थियो र ऊ महत्वकांक्षी अर्थात उच्च अभिलाषी थियो उसको बाबुले उसको विवाह एकजना पुष्करासरी नामक एक विशिष्ट ब्राह्मण कन्यासंग गराउने प्रयास गर्‍यो ब्राह्मणले उसको प्रस्ताव अस्वीकार गरिदिए पछि त्रिशंकुले उनीसंग शास्त्रार्थ गर्‍यो । उसले भन्यो "मनुष्य सबै मनुष्य नै हो । उनीहरुमा घोडा, गधा, गाई, हिरण, को जस्तै अन्तर कहाँ छ ? अतः यो जाति प्रथा किन ? उनले यो पनि सावित गरि दियो कि पूर्वकर्म अनुसार कुनै जातिमा जन्म लिन्छ भन्ने सिद्धान्त गलत हो । पुष्करासरी उसको तर्कबाट अति प्रभावित भएकि उनले आफ्नी कन्याको बिवाह त्रिशकुको पुत्र शार्दूलकर्ण संग गरिदिए ।



Downloaded from http://www.dhamma.digital

यो कथा सुनेपछि श्रावस्तीका साझेदार ब्राह्मणहरुले सबै कुरा बुझे र तिनीहरुले बुद्धको विरोध गर्न बन्द गरे ।

सुनित नामको एक अछूतको कथा पनि प्रकृतिको कहानी जस्तै छ । सुनितको काम सडक बढार्नु थियो । त्यो कामबाट जीवननिर्वाह सम्म गर्न सक्ने मात्र तलब पाउँथ्यो । उसको घरबार थिएन सडकमै सुत्थे अतः कुनै प्रकारको मारको भयले सवर्णीलाई आफ्नो छायाँबाट पनि बचाउथे ।

एक दिन जब बुद्ध आफ्ना धेरै शिष्यहरूका साथमा सडकबाट गइरहेको थियो सुनित त्यही सडक बढारी रहेको थियो । बुद्ध आइरहेको देखेर नजिकमा लुक्ने ठाउँ नदेखेर एकतिर भित्तामा टाँसिएर लुकी हाथ जोड्यो । सुनितको त्यस्तो हीन भावमा देखी बुद्ध आश्चर्यचकित भए र सुनितको नजिक गएर मधुर वाणीमा सोधे "तिमीले आफ्नो काम छोडेर मेरो साथमा रहन्छौ" ?

"महाराज, आज सम्म मलाई कसैले यस्तो मधुर वचनले कुरा गरेको थिएन । जसले पनि हुकुम चलाउँथ्यो ! म जस्तो फोहरी नीच भंगीको काम गर्ने व्यक्तिलाई तपाई शरण लिनु हुन्छ भने म आउन तयार छु ।

बुद्धले त्यसै समय त्यही उनीलाई दीक्षा दिएर संघमा प्रवेश गराए । सुनित निरक्षर थियो तर संघमा प्रवेश गरेर आफुलाई प्रशिक्षित बनाई संघको ठूला वृद्ध सदस्यहरुबाट सम्मानित पनि भयो ।

बुद्धको ख्याति उनका पिता शुद्धोधनले पनि सुने । त्यस



Downloaded from http://www.dhamma.digital

बेला बुद्ध राजगृहमा बसेका थिए । शुद्धोधनले बुद्धलाई कपिल-वस्तु आएर त्यहाँको जनतालाई उपदेश दिनको लागि एकजना व्यक्ति द्वारा निमन्त्रणा पठाए ! त्यो व्यक्ति बुद्धकहाँ गएर केही कुरा गरे, बुद्धले त्यसलाई आफ्नो उपदेश दिन शुरू गरे । त्यो व्यक्तिले उ के काममा आएको हो भन्ने कुरा नैं बिर्से, उनले बुद्धसंग प्रव्रजयाको लागि प्रार्थना गरी संघको शरणमा गए ! त्यो व्यक्ति नफर्केपछि शुद्धोधनले अर्को व्यक्तिलाई पठाए त्यो व्यक्तिपनि त्यसरीनै संघको शरणमा गए । तेश्रो व्यक्ति पठाए एवं रीसले नौ जना सम्म व्यक्तिलाई खबर पठाउँदा उनीहरु नफर्के पछि बुद्धको केटाकेटीको साथी कालुदाइलाई पठाए । उनको कुरा बुद्धले सुने र कपिलवस्तुमा बुद्ध आएर आफ्नो लागि बनाए को वटवृक्ष को बिहारमा बसे । कपिलवस्तु बुद्ध सातवर्ष पछि फर्केका थिए । तर बुद्धले के देखे भने की आफ्नो सम्मान जसरी गर्नु पर्ने हो त्यो कम थियो र कपिलवस्तुको नागरिकको हिसाबबाट पाएको सम्मान चाहि बढि थियो ।

एकदिन जब बुद्ध भिक्षाटनको लागि बिहारबाट निस्के तब पिता शुद्धोधन स्वयं बुद्धसंग गएर भने " के तिमीले राजमहलमा भोजन पाउन सक्दैनौ ? के जहाँबाट तिमी सजधजका साथ निस्केकाथियौ, त्यहाँ तिमीले भिक्षा मागेर हिड्नु उचित छ ? यसरी मलाई किन अपमानित गर्दछौ । "

बुद्ध बोले " मलाई तपाईंलाई अपमान गर्ने ईच्छा छैन । भिक्षाटन त हाम्रो परम्परा हो !

शुद्धोधनले भने हाम्रो परम्परा कसरी ? हाम्रो कुटुम्बमा



Downloaded from http://www.dhamma.digital

आजसम्म कसैले भिख मागेर हिंडेन " ।

बुध्दले उत्तर दियो "महाराज निश्चय पनि तपाईंको राज परिवारको कुनैं सदस्यले कहिले भिक्षाटन गरेन । यो परम्परा त सन्यासीको हो ! उनीहरू भिक्षाटन द्वारा मै देह-धर्म को कर्तब्य पालन गर्दछन् ।

बुध्द अत्यन्त विनम्र प्रकृतिका व्यक्ति थिए । बार बार आग्रह गरे पछि आफ्नो पिताको बचन पालन गरी महलमा भोजन गर्न निश्चय गरे र यो विचार गरे भने यही महलमा आफ्नो पितालाई धर्म देशना गर्नु पर्छ । यो काममा बुद्ध सफल पनि भए ! बुद्धको उपदेश सुने पछि शुद्धोधन बुद्धको अर्थात आफ्नो पुत्रको उपासक बने ।

कपिलवस्तुका जनताले बुद्धलाई कपिलवस्तुकै मात्र होइन उनी सर्वज्ञ हुन भन्ने कुरा सम्झाउन बुद्धलाई केही समय लाग्यो । तर कपिलवस्तुकैं कारणवाट भिक्षुसघ सुदृढ भयो । राजदरवारका धेरैं व्यक्तिहरु र बुद्धका नातेदार सम्बन्धी व्यक्तिहरु पनि बुद्धका उपदेशबाट प्रभाबित भए ।

सिध्दार्थ फर्केर आउने आशामा राजा शुध्दोधनले आफ्नो कान्छी महारानी प्रजापतिका छोरा नन्द ३५ वर्ष पुगिसकेर पनि राज्यउत्तराधिकारी घोषित गरेका थिएनन् । नन्दको लागि महल बनाइदिएका थिए र जनकल्याणी नामको एक युवतीसंग बिवाह गर्ने समेत निश्चित गरेका थिए । तर सिध्दार्थ फर्कने कुरा असम्भव देखे पछि नन्दको विवाह तुरुन्त गर्ने निश्चित गरे किनकि बुध्दको



Downloaded from http://www.dhamma.digital

आर्शीवाद पाउने इच्छा थियो । बुध्द कपिलबस्तु आएको तीन दिनपछि नैं नन्दको विवाह गरिदिए । विवाहमा बुध्दपनि सम्मलित भए । विवाह पछि जब बुध्द जान लागे तब भिक्षा पात्र र चीवर नन्दलाई दिए । बुध्दलाई गएको देखेर चीवर र भिक्षा-पात्र बिहार सम्म पुऱ्याउन पछि पछि गए । जनकल्याणीले नन्द बुध्दलाई पुऱ्याउन गएको देखी चाँडैं फर्कने आग्रह गरिन् ।

बिहारमा पुग्ने बित्तिकैं नन्दले बुध्दको चीवर र भिक्षा-पात्र बुझाइदिएपछि धन्यवाद दिनको सट्टा बुध्दले प्रश्न गरे "के तिमी भिक्षु बन्ने ? नन्दलाई बुध्दप्रति यति श्रध्दा थियो कि उनले इन्कार गर्न सकेनन् । बुध्दले त्यो समय गुमाउन चाहेन उप-तिष्य भिक्षुलाई बोलाई नन्दलाई तुरुन्त दीक्षित गर्न आज्ञा दिए ।

नन्दले विवाहको दिनमा नैं गृहत्याग गरे, तर उनले सन्यासी को रुपमा सजिलो गरी दिन बिताउन सकेन । नन्दको दिमागमा आफ्नी सुन्दरी पत्नीको रुप घुमिरहन्थ्यो । उनले आफ्नो साथी हरुलाई भन्दथे " बिहारमा बस्ने मन छैन घर फर्कने इच्छा छ घरको सम्झना आउँछ "

बुध्दलाई नन्दको अप्रसन्नता बारे जानकारी भयो तव बुध्द स्वयंले उसको हेरचार गर्न लागे । बुध्दले नन्दलाई कसरी बोध गराए भने नन्दले आफ्नी पत्नी प्रतिको आशक्ति छोडि दिए । उनी अन्य भिक्षुहरु जस्तै बिस्तार बिस्तार श्रध्दा हरण योग्य भए ।

बुध्द कपिलवस्तु बस्दा बस्दै उनको परिवारमा दोश्रो



Downloaded from http://www.dhamma.digital

प्रख्यात व्यक्ति भिक्षु बने जो बुद्ध स्वयंको छोरा राहुल थिए जो सिद्धार्थ ज्ञानको खोजीमा गृहत्याग गरेर गएको दिनमा जन्मेको थियो । उसको पालन पोषण उनको आमा यशोधरा र राजा शुद्धोधनले गरेका थिए । बुद्धले घर छोडेपछि त्यस बालकलाई पनि यशोधरा तथा शुद्धोधनलाई जस्तो दुःख भोग्नु परेको थियो । बुद्ध कपिलवस्तु आए पछि राहुलको माध्यमबाट यशोधराले बुद्धसग भेट्ने कोशिश गरिन् । उनले राहुललाई राम्रो पोशाक लगाई श्रृंगार गरी बुद्धले भोजन गरेको ठाउँमा लिएर गइन् र इशारा गरी देखाएर भनिन् " छोरा के तिमीले उनलाई चिन्दछौ " ? बुद्ध कपिलवस्तु आएका सात दिन मात्र भएको थियो। राहुलले उत्तर दिए " आमा उनी बुद्ध हुन् " ।

यो सुनेर यशोधरा गहगरी आंसु भयो । उनले भनिन् " त्यो साधु पुरुष जसको शरीरवाट सुनौलो रंगको तेज निस्की रहेको छ , जसलाई धेरैं भिक्षुहरुले घेरिरहेका छन् , उनी नै तिम्रा पित्ता हुन पहिला यो राज्यको उत्तराधिकारी उनीनै थिए । उनीसग जाऊ र भन पिताजी म राजकुमार हुँ । जब म राजा बन्दछु तब राजाहरुको पनि राजा बन्दछु । मलाई मेरो राज्य दिनुहोस् किनकि जुन श्री सम्पत्ति पिताको हुन्छ त्यही सम्पत्ती पुत्रको हुन्छ ।

राहुल आफ्नो आमाको आज्ञानुसार बुद्धको नजिक गई भने " महाश्रवण तपाईको छायाँ अत्यन्त सुखद छ " ।

त्यस बेला सम्म बुद्धले भोजन गरिसकेका थिए । उनी



Downloaded from http://www.dhamma.digital

उठेर जान लागेका थिए । राहुल बुद्धका पछि पछि गए र आमाले सिकाए अनुसार मन्दै गए ! बुद्धले न कुनै उत्तर दिए न त बच्चालाई आफ्नो पछि पछि आउनमा नै रोके । जब उनी हिँडिरहेको थियो र विचार गर्दै थिए "राहुललाई आफ्नो पिता को धन चाहियो, तर धन त दुःखको कारण हो । मैले उनलाई सर्वोतम धन दिन्छु जो मलाई बोधिवृक्ष मुनि प्राप्त भएको थियो । यसरी उनलाई एउटा असल उत्तराधिकारी वन उँछु " ।

अब तिनीहरु बिहारमा पुगे तब बुद्धले उपतिष्यसग भने 'तिमीले राहुललाई तुरुन्त प्रब्रजित गरिदेऊ

शुद्धोधनले राहुल प्रब्रजित भएको समाचार पाए पछि अत्यन्त दुःखी भए । उनी बुद्धको नजिकमा गई आदरपूर्वक दृढताको साथ भने कि अब उप्रान्त आमा बाबुको आज्ञाबिना कुनै बच्चा हरुलाई प्रब्रजित नगर्नु भनी बुद्धलाई भने 'जब तिमीले गृहत्याग गर्‍यौ तब म अत्यन्त दुःखी भए जब नन्दले घर छोड्यों त्यो दुःखले मेरो छातो फुट्न लाग्यो त्यस बेला मैले मेरो सम्पूर्ण मायाँ राहुल प्रति केन्द्रित गराएँ, तर तिमीले राहुललाई पनि लिएर आयौं र भिक्षु बनायौ ।

शुद्धोधनको कुरा सुनेर बुद्धले उनी प्रति सहानुभूति प्रकट गरे र आमा बाबुको स्वीकृत बिना भिक्षु बनाउन नपाउने नियम बताए । यति मात्र होइन यो नियमलाई अझ व्यापक बनाई भिक्षु संघमा जान चाहने कुनै पनि विवाहित पुरुषले आफ्नी पत्नीको स्वीकृत लिनु पर्ने व्यवस्था गरे !



Downloaded from http://www.dhamma.digital

राहुललाई भिक्षु बनाएर राखे । जब उनी १८ वर्षका भए उनलाई सत्य बोल्न यसरी सिकाउन लागे कि एउटा कचौरा लिएर त्यसमा अलिकति पानी राखेर राहुलसंग सोधे "तिमीले यो कचौरामा पानीको बूंद देख्दछौ" ? राहुलले आदर-पूर्वक निवेदन गरे "देखेको छु"

बुद्धले भने "तब यो चीज थाह पाऊ कि जो झूठ बोल्दछ उसमा पनि सज्जनता हुन्छ, तर बुढ जति" फेरि बुद्धले कचौरा उल्टा गरेर भने "जब त्यो झूठ बोल्दछ तब उनी यो खालो कचौंरा जस्तैं हुन जान्छ" । बुद्धले राहुललाई अर्को दृष्टान्त द्वारा पनि सत्यको प्रतीक गराए ।

बुद्धले भने "राहुल, एउटा बढिया हात्तीको कल्पना गर । त्यो हात्ती जवान छ उसको दांत ठूलो ठूलो होला । उसलाई युद्धको अनुभव पनि छ युद्धमा ऊ आफ्नो खुट्टा, शरीर, टाउको, दांय मात्र होइन कान र पुच्छरको पनि ठीक सग प्रयोग गर्दछ, तर उसले सूंड पछाडि राखेको हुन्छ । महावतले विचार गर्दछ हात्तीले आफ्नो सबैं अगहरूले ठीक ठीक व्यवहार गर्दछ तर सूंड पछाडि राखेको छ । यसले राजसेवामा आफुलाई पूरा समर्पित भइ रहेको छैन । तर जब हात्तीले आफ्नो शरीरको साथ युद्धमा आफ्नो सूंडको पनि प्रयोग गरिदिन्छ तब महावत (माउते) ले सोच्दछ कि बल्ल यो पूरा तवरले युद्धमा लागि रहेको छ । अब यसलाई बढी प्रशिक्षण दिन आवश्यक छैन । जसले पूर्णतया सत्यको अनुसरण गर्दैन, त्यो व्यक्तिको दशा



Downloaded from http://www.dhamma.digital

हात्तीको युद्धको पहिलाको जुन दशा हुन्छ त्यस्तै हो ।' सत्यको पूर्णतया अनुसरण गर्नु पर्दछ । अतः राहुल, आफुलाई प्रशिक्षित बनाऊ, सधैं सत्य बोल, ख्याल ख्यालमा पनि झूठो बोल्न प्रयास नगर "। बुद्धले राहुललाई सत्य प्रति पूर्णतया विश्वास दिला– उँनको लागि आफ्नो भनाइ अगाडि बढाउँदै सोधे " राहुल, ऐनाको उपयोगिता के हो ?

उनले जवाफ दिए, " त्यसमा हामीले आफुलाई देख्छौ "

बुद्धले भने ' तिमीले ठीक भन्यौ, यसरी नै तिमीले सधैं आफ्नो शरीर, आफ्नो बोली र विचारहरुलाई देख्नु पर्दछ "।

बुद्धको एकजना अर्को सम्बन्धी नातेदार काकाको छोरा आनन्द पनि संघको शरणमा आए । आनन्द सधैं बुद्धको सेवामा समर्पित भए । बौद्ध इतिहासमा उनी आफ्नो मधुर स्वभाव र कामको लागि अत्यन्त प्रशंसनीय छन् ।

बीस वर्षको भ्रमणकालमा बुद्धको कुनै पनि निजी सहायक थिएन । कुनै पनि भिक्षु बुद्धको सेवामा लाग्न सक्दथे । उनको सेवाको अनेक काम, जस्तै पिण्ड-पात्र लिनु, चीवर लिनु आदि थिए । तर केही यस्ता घटना घटे जसबाट बुद्धको लागि एक जना सेवक राख्नु अत्यन्त आवश्यक भयो । एक दिन बुद्ध नागसमाल नामको भिक्षुसंग भ्रमण गरिरहेका थिए जब उनीहरू एक दोबाटोमा पुगे तब त्यहाँ कुन बाटो जानु पर्ने हो छुट्याउन सकेनन् । त्यस बखत नागसमाल भिक्षु जसले बुद्धको भिक्षा-पात्र र चीवर लिएर गइरहेका थिए, उनले त्यो सामानहरु भुईमा



Downloaded from http://www.dhamma.digital

राखेर आफुले चाहेको बाटो लिई गए । त्यस बखत बुद्ध एकलैं भए दुर्भाग्यवंश नागसमालले बाटोमा डाकूहरु भेटे, जमले उनको भिक्षा–पात्र र चीवर खोसेर लिए र टाउकोमा लठ्ठीले हानेर गए । भिक्षु नागसमालको टाउकाको घाउको वेदमा र बुद्धको वचनलाई अवहेलना गरेकोमा पश्चाताप गर्दै बुद्धकहाँ फेरि फर्केर आए ।

दोस्रो पटक बुद्ध भिक्षु मगहीयालाई साथमा लिई भ्रमण गरिरहेका थिए । जब तिनीहरु एउटा आँपको बगैंचामा पुगे तब त्यो मगहीया भिक्षुले बुद्धको पिण्ड–पात्र र चीवर बुद्धलाई फर्काई दिए र भने "मैंले यहाँ केही समय ध्यान गर्छु" । बुद्धले सम्झाए कि यो समय ध्यानको लागि अनुकूल छैंन उनले बुद्धको कुरा सुनेन् ध्यानको आसनमा बसे । केही समय पछि उनी बुद्ध भएको ठाउँमा फर्केर आए र भने उनलाई ध्यान आएन र बुद्धलाई छोडेर गएकोमा पश्चताप प्रकट गरे । यस प्रकारको घटनाको अवसरमा बुद्धले ध्यान सम्वन्धी केही कुरा भन्न उपयुक्त मानेर भने कि ध्यानको लागि शान्ति र एकाग्रताको आवश्यकता छदैछ, साथ साथै ध्यानको लागि निम्नलिखित कुराहरूको आवश्यकता पर्दछ:-

( १ ) आध्यात्मिक मार्गमा पोख्त व्यक्ति ।
( २ ) ज्ञानेन्द्रियहरुलाई नियन्त्रण गर्न सक्ने ।
( ३ ) कामवासनादेखि टाढा रही सम्यक् वाचा अनुरुप व्यवहार !
( ४ ) सम्यक् व्यायाम अनुरुप व्यवहार ।
( ५ ) प्रथम आय सम्यक्, अर्थात जीवन दुःखमय छ भन्ने विश्वास ।

यी दुई घटनाहरुको अनुभववाट बुद्धले सोंचे कि उनलें आफ्नो सेवा गर्ने अभिभारा कसैलाई दिनुपर्छ । त्यस बखत बुद्धको



Downloaded from http://www.dhamma.digital

उमेर ५५ वर्ष पुगिसकेको थियो । अतः उनले जेतवन बिहार गएर आफ्नो सेवा गर्ने व्यक्ति निर्धारण गर्ने इच्छा प्रकट गरे। उनका दुबैं प्रधान शिष्यहरु उपतिष्य र कोलितले आफ्नो आफ्नो तर्फबाट सेवा गर्ने इच्छा व्यक्त गरे, तर बुद्धले भने जो काम तिमीहरुले गरिरहेका छौ त्यहीनैं उत्तम छ। यसरी उनीहरुको प्रार्थना स्वीकार गरेनन् अरु पनि धेरैं प्रमुख भिक्षुहरुले बुद्धको सेवा गर्न तत्परता देखाए, परन्तु बुद्धले कसैलाई पनि स्वीकार गरेनन् । उनले आनन्दलाई आफ्नो सेवा गर्ने भार सुम्पे। त्यस बेलादेखि आनन्द बुद्धको जीवन परन्त बुद्धको सेवामा लिन भए ! उनले बुध्द बस्ने कोठा सफा गर्ने' बुध्दको शरीर मालिस गर्ने, भिक्षा-पात्र -चीवर सफा गर्ने गर्थे चौबिस घण्टा बुध्दको नजिक रहन्थे ! कुनैं पनि समय बुध्दले उनको सेवा उपलब्ध गर्न सकुन् भन्ने धारणा राख्दथे। बुध्दले आनन्दलाई उपयुक्त तालिम दिए, बुध्दिमान, सुसंस्कृत, दृढनिश्चयी आदि विशेषताले पूर्ण हुने व्यवहार गरे ; आनन्दले महिलाहरुलाई संघमा सम्मिलित गराउन र उनीहरुको लागि बेग्लैं संघको व्यवस्था गर्नु पर्ने विचार बारे बुध्दलाई प्रभावित बनाएका थिए !

आनन्दलाई बुध्दप्रति सेवा गर्ने भावना अनन्त थियों। हरवखत सेवामा लीन रहन्थे । उनलाई ध्यान गर्न अत्यन्त थोरै समय पाउँथे । बुध्दको पालामा आनन्दले संबोधि प्राप्त गर्न सकेन । बुध्दको निर्वाण पछि मात्र नैं उनी ध्यानमा लागेर र संबोधि प्राप्त गरे ! बुध्दको निर्वाण भएपछि उनको उपदेशहरु भविष्यका पिढीहरुको लागि संग्रह गरी कठस्थ बनाउनको लागि पाँच सय भिक्षु हरन्तहरुको सभा बोलाई त्यो सभामा सामिल भई उनले महत्वपूर्ण भूमिका वहन गरे ।



Downloaded from http://www.dhamma.digital

# करूणा

बुध्दले के कुराको अनुभव गरे भने जीवन र दुःख एक साथ चलिरहने रहेछ ! जीवन छ भने दुःख पनि छ दुःखबाट मुक्त हुन सकिदैन तर त्यसलाई माथि उठाउन निश्चय सकिन्छ। यस अनुभवले नै शुरुमा उनलाई निर्वाण प्राप्त गर्न सकिने बाटाको खोजी गर्न प्रेरित गराएको थियो ; दुःखबाट माथि कसरी उठ्न सकिन्छ भन्ने विषयमा उनले बताएका थिए ! उनले यी कुराहरू अनेक कथाहरुबाट प्रमाणित गरेका छन् यस सम्बन्धमा किसा गौंतमी र तोरीको दाना सम्बन्धी कथा अत्यन्त प्रसिध्द छ।

किसा गौंतमी भन्ने एकजना युवतीको श्रावस्तीका एक जना धनी व्यापारीसंग विबाह भएको थियो उनका माइती पनि अत्यन्त धनी थिए ! किसा गौंतमीको एक वर्षको एक बच्चा थियो। त्यो बच्चा बिरामी भयो। औषधि उपचार गर्नुभन्दा पहिले नै त्यस बच्चाको मृत्यु भयो। यो दुःखद घटनाले किसा गौंतमी बौलाही जस्ती भइन्। मरेको बच्चालाई काखमा च्यापी श्रावस्तीका गल्ली गल्लीमा घुम्न थालिन। बाटामा जो भेटीन्थ्यो त्यसलाई मेरो बच्चालाई जीवित गराईदेऊ भनी प्रार्थना गर्दथिन कसैले उनको कुरा सुन्दैनथे ! कोही हाँसेर जान्थे उनको सहायता कसले गर्न सक्दथ्यो ? अन्तमा एकजना बुध्दीमान व्यक्तिसंग भेट भयो। उनले भने " किसा गौंतमी तिम्रो बच्चालाई एउटै व्यक्तिले मात्र बचाउन सक्छन् ती हुन बुध्द . यस बखत उनी



Downloaded from http://www.dhamma.digital

जेतवन विहारमा बसेका छन् " किसा गोतमी बुद्धको शरणमा गइन् र मृत बच्चालाई उनको चरणमा राखी आफ्नो दुर्भाग्यको कुरा सुनाइन् ।

बुद्धले किसा गोतमीको कुरा अत्यन्त ध्यान दिएर दया पूर्वक सुनेर भने " बहिनी, मैले तिम्रो दु:खको उपचार गर्छु । तिमी श्रावस्तीमा जाऊ र कुनै पनि व्यक्ति नमरेको घरबाट एक दाना तोरी मागेर ल्याउ किसा गौतमीलाई हुक्क भयो र बच्चा छोडी तोरीको गेडा लिन गइन् उनले पहिलो घर भेटाउने बित्तिकै चिच्याइन बुद्धले मलाई एक व्यक्ति पनि नमरेको घरबाट तोरीको दाना मागेर ल्याऊ भराएका छन् मलाई अलिकति तोरी दिने कष्ट गर्नुहोस् "

घरको एकजना व्यक्ति आएर भने " तोरी त धेरै छ ! तिमीले लिएर जान सक्छौ तर यस घरमा धेरै व्यक्तिको मृत्यु भइ सकेको छ । "

उनी प्रत्येक घर घरमा गइन् जहाँ गए पनि उनले त्यस्तै उत्तर पाइन् ! त्यस पछि उनलाई प्रत्येक प्राणी मर्दछ भन्ने होस आयो ! बुद्धले मलाई यही सिकाउन खोजेका हुन भनी उनीले मरेको बच्चालाई श्मसान-घाटमा लगी जलाइ विहारमा फर्केर आइन् ।

बुद्धले सोधे " तोरीको दाना ल्यायौ ? गौतमीले भनिन् " ल्याइनं' अब मैले त्यस्तो चीजको कहिल्यै खोजी गर्ने छैन । जुन ज्ञान तपाईले मलाई दिनु चाहनु भएको थियो त्यो ज्ञान मैले प्राप्त गरे । मेरो दु:खले मलाई अन्धा बनाइ दिएको थियो ।



Downloaded from http://www.dhamma.digital

मैले बच्चा मेरो घरमा मात्र मरेको छ भन्ने सम्झेकी थिएँ।

बुद्धले फेरि सोधे "त्यसो भए तिमी यहाँ फर्केर आउनुको कारण केहो ?" गौतमीले भनिन् "तपाईले मलाई भन्ने बताइदिनुहोस्, सत्य केहो बुद्धले भने "गौतमी, मनुष्यको संसार होइन वा देवताहरुको यो सबैं अनित्य छ।

बुद्धको वचन सुनेर उनले ज्ञान प्राप्त गरिन् र त्यही उनको मृत्यु भई निर्वाण प्राप्त भयो ! ।

किसा गौतमीको भन्दा दुर्भाग्यपूर्ण कथा त पटाचारी को छ। पटाचारी धनी व्यक्तिकी पुत्री थिइन्। उनलाई बाहिरी संसारको प्रभाव नपरोस् भनी आफ्नो घरको माथिल्लो तलामा एउटा कोठामा राखेका थिए। कसैसंग उनको भेट हुदैनथ्यो। अतः उसको संगत अरु संग नहुँदा उनको नोकरसंग नै उनले प्रेम गरिन् उनी १६ बर्षकी हुँदा उनका माता पिताले उनको बिबाह एउटा धनी व्यापारीको छोरा संग गरिदिने निश्चय गरे। यो कुरा थाहा पाए पछि पटाचारी र उनको प्रेमीले घरबाट भाग्ने योजना बनाए। उनको विवाहकै दिनमा पानी भर्ने नोकर्नीको भेषमा उनी घरबाट भागिन् शहरको बाहिर उनका प्रेमीले उनलाई पर्खिरहेको थिए। दुबै जनाको भेट भए पछि टाढा गाउँमा गई उनीहरूले बिवाह गरे। केही समय पछि पटाचारी गर्भवती भइन् र उनले बच्चा पाउन माइती घर जाने जिद्दी गर्न लागिन्। उनको पतिले उनको आमा बाबुको डरले गर्दा माइत पठाउन मनाही गर्द थिए ! तर पटाचारीले मानिनन् र माइत जानको लागि घरबाट निस्किन्



Downloaded from http://www.dhamma.digital

उनका पतिले उनको पछि पछि लाग्दै घर फर्कने प्रार्थना गरे तर पटाचारी हिड्दा हिड्दा बाटोमा नै बेथा लागी सुत्केरी भइन् । अब माइत जाने कुनै प्रयोजन भएन । अतः बच्चा र आफ्नो लोग्नेको साथ घर फर्किन् ।

दोस्रो पटक गर्भवती भए पछि पुनः आफ्नो लोग्नेको भनाइ नमानी घरबाट निस्कने साथ उनको लोग्ने पनि आफूलाई माया मारी आफ्नी पत्नी को साथमा हिंडे । बाटामा भयानक आँधी आयो । त्यसै बखत पटाचारीलाई प्रसव बेथा लाग्यो उनी बाटामा नै बसिन । उनको लोग्नेले उसको आँधी बेरीबाट संरक्षण गर्नको लागि दाउरा पात पतिङ्गर लिन जंगलतिर लागे । अदुर्भाग्यवंश उनलाई जंगलमा सर्पले टोकी त्यही उनको मृत्यु भयो यता पटाचारीले बच्चा जन्माइन् । प्रायःकालमा आँधी पानी कम भए पछि उनले आफ्ना पतिको लाश भेटाइन् ! उनी अत्यन्त दुखी भई लाचार भएर आफ्नो नवजात शिशुलाई काखमा राखी अर्कोलाई हात समाती आफ्नो बाटो लागिन् । जाँदा जाँदा बाटामा एउटा नदी आईपुग्यो, जसमा भेल आएको थियो । दुबै बच्चालाई एकै साथ लिएर जाने आँट गरिनन् । अतः ठुलो बच्चालाई नदीको किनारामा राखी सानो बच्चालाई नदी पार गरी अर्को किनारामा बच्चा लाई सुताएको मात्र थिइन् एउटा गिद्ध आई झम्ट्यो । पटाचारीले गिद्ध धपाउन चिच्याइन । वारी किनारामा बसेको बच्चाले मलाइ आमाले बोलाइन् भनी आमाको चिच्याहट सुनी पानीमा दौडेर आयो । पानीमा बच्चा आएको देखि पटाचारी



Downloaded from http://www.dhamma.digital

उसलाई बचाउन झम्टन लागिन तर बचाउन सकिनन् । बच्चालाई पानीले बगायो । यता भर्खर जन्मेको बच्चा एकलो देखे पछि गिद्धले समाती उडायो यसरी पटाचारी दुःखित भई श्रावस्ती तिर लागिन् श्रावस्ती पुगेपछि बडो उत्सुकतापूर्वक कोही बटुवासंग उनले आफ्नो आमा बाबुको कुशल समाचार सुध्न खोजिन ती बटुवाले भने, हिजोको आँधी बेहरीले तिम्रा आमा बाबु बसेको घर भत्कियो र घरले थिची दुबैको मृत्यु भयो हेर, ती दुबैको लाश त्यहाँ जलाइदैं छ भनी देखाए ।

पटाचारी आफ्नो लोग्ने र दुबै बच्चाको शोकमा थिइन् त फेरि यस्तो हृदयविदारक समाचार सुनी उनको कुनैं ठाउँमा आश्रय लिने ठाउँ भएन । उनी बोलाहा जस्ती भइ भमिनना पल्टी पल्टीकन चिच्याउँदैं रुन थालिन् । यस्तो दुःखद दशा देखी कुनैं व्यक्तिले पटाचारीलाई उठाई जेतवन बिहार तिर लगे जहाँ बुद्ध बसेका थिए । बुद्धले पटाचारीको यस्तो अवस्था देखी केही भिक्षुणीहरुलाई पटाचारीलाई नुहाईदिन, कपडा लगाईदिन, भोजन गराउन आज्ञा दिनुभयो । त्यस पछि बुद्धले पटाचारीसंग उनको दुर्भाग्य र दुःखका बारेमा कुरा गर्न थाल्नु भयो । यसरी बुद्ध को उपदेशबाट उनले मनमा शान्ति प्राप्त गरिन् उनी भिक्षुणी बनिन् र अन्तमा उनी अरहन्त भइन् ।

देवदत्तले मार्न खोजेको चरालाई सिद्धार्थ गौतमले रक्षा गरेका थिए । उनी सानै देखि पशु पक्षी लगायत सम्पूर्ण प्राणी प्रति दयावान् थिए । यो दयालुपन त हरबखत बुद्धसंग थियो



Downloaded from http://www.dhamma.digital

नै । सधैं संसार दु:खमय छ भन्ने कुरा बुद्धले भनिनैं रहन्थे। बुद्धका जीवन कालमा उनको करुणा सम्बन्धी अनेक प्रसंगहरु पाइन्छन् ।

एक पटक भिक्षु सघ मध्ये आनन्द भिक्षुसंग हिडिरहेको बखत भिक्षुहरु बसेको कोठामा एकजना भिक्षु बिरामी भएको देखे उनलाईं पखाला लागेको थियो । उनलाई कष्ट त थियो नै उनी फोहरमा लडि रहेका थिए। उनलाइ कसैले हेर्न चाहेको थिएन !बुद्धलें उनलाईं सोधे " तिम्रो सेवा अरू भिक्षुहरुले किन गरेका छैनन् ? " बिरामी भिक्षुले उत्तर दिए " मैले कसैंको सेवा गरिन त्यसैले "

बुद्धले आनन्दलाइ साथी लिएर पानी तताई नुहाइ दिए र स्वच्छ कपडा लगाइदिएँ र बोछ्यानमा सुताइ दिए । यति गरेर बुद्धले त्यहाँ उपस्थित सबैं भिक्षुहरुलाई बोलाएर भने " कुनै पनि भिक्षु अस्वस्थ, बिरामी छ भने उसको सेवा गर्नु पर्छ । " बुद्धले भने ": जसले विरामीको सेवा गर्छ त्यसले मेरो सेवा गरेको हुनेछ । "

एक दिनको कुरा हो। बुद्धले एक जना भिक्षुलाई भेटे उसको शरीरमा फोका फोका उठेका थियो र दुर्गन्ध आई रहेंको थियो। उसलाई भिक्षुसंघले बाहिर मैदानमा एकलै सुताई दिएका थिए । बुद्धले त्यो भिक्षुको सेवा गर्न थाले । यो देखेर अरु भिक्षुहरुले तातो पानी ल्याए, उसलाई सफा सुघर गर्न थाले र अन्य सेवा गर्न थाले ।


Downloaded from http://www.dhamma.digital

बुद्धले बच्चाहरुले दुःख दिए पनि दिक्क नमान भन्ने शिक्षा दिन्थे। एक दिन अलि अलि पानी भएको पोखरीमा बालकहरु ले माछालाई दु;ख दिइरहेका बुद्धले देखेका थिए ! त्यसबेला बुद्धले ती बालकहरुलाई उक्त काम गर्न विमुख गराए। बुद्धले प्रश्न गरेर बालकहरुको सद्विचार उत्पन्न गराउँथे । उनले बालकहरुलाई पहिलो प्रश्न के गरेका थिए भने जसरी तिमीहरुले माछाहरुलाई सताइ रहेछौं त्यसरीनै तिमीहरुलाई कसैले सताएमा तिमीहरु के गर्छौ ? एक पटक एउटा बालकले एउटा साँपलाई लठ्ठीले पीटि रहेको देखी त्यस बालकलाई त्यसो नगर्नू भनी रोके। उनले यी सबकाम माता पिता अथवा गुरुहरुले जस्तै शुभचिन्तकको दृष्टिले काम गर्दथे !

बुद्धको उपदेशको मूल आधार नै व्यावहारिक बुद्धि अवृद्धि हो । अन्य धर्ममा र बुद्ध धर्ममा यही अन्तर छ । उनले संसारलाई त्यागी शरीरलाई कष्ट दिएर ज्ञान प्राप्त गर्ने विश्वास मा जाने यही बाटो स्वयं बुद्धले सर्व प्रथम समातेका थिए । फेरि शरीरलाई कष्ट दिनु उनको आदर्श भयो। उनले ससारलाई छोडेर शरीरलाई कष्ट दिने संसारमा लिप्त भए । त्यस कारण बुद्धले मध्यम मार्गको शिक्षा दिए। बुद्धको सहजबुध्दीका बारेमा धेरैं उदाहरणहरु पाइन्छन् ।

एक एटक बुध्दसहित भिक्षुसंघहरुलाई आलवीं नामक गाउँ का व्यक्तिहरुले निमन्त्रणा गरे । बुध्दको उपदेश सुन्न एउटा किसान लाई इच्छा भयो, तर जुन दिन बुध्दको उपदेश दिने दिन



Downloaded from http://www.dhamma.digital

थियो त्यो दिन बिहान उसको गोरू हरायो । बुद्धको उपदेश उसले सुन्न चाहेको थियो, तर उसको गोरू खोज्नु पनि जरूरी थियो । ऊ गोरू खोज्न निस्के दिनभर खोज्यो आखिरमा गोरू संध्याकालमा फेला पर्‍यो । उसले गोरू घर पुर्‍याएर बुद्धको उपदेश सुन्न दौडे । दिनभरी गोरू खोज्न गएकाले उसले केही खाएको थिएन तर बुद्धको उपदेश सुन्न उनी अत्यन्त उत्कण्ठित भएकाले बुद्धको अगाडि पुग्यो ।

बुद्ध सहित सबैं भिक्षुसंघहरुले भोजन गरीसकेका थिए र उपदेश दिने समय भएको थियो । अगाडि एकजना किसानलाई देखेर बुद्द टक्क रोकिए । बुद्धले उसलाई भोकाएको तिर्खाएको देखी एकजना शिष्यलाई आराम साथ बसाएर खवाउने व्यवस्था गर्नु भनी आज्ञा दिए । त्यस किसानले भोजन गरी सकेपछि मात्र उपदेश शुरु भयो ! किसानले बुद्धको उपदेश अत्यन्त ध्यान दिएर सुन्यो ।

बुद्धको शिष्यहरुले बुद्धले एक गरीब किसानको लागि उपदेश रोकिराखेको आफुहरुलाई चित्तनबुझी बुद्दको निन्दा गरी रहेका थिए । बुद्दले आफ्नो निन्दा गरेको सुनी उनीहरुलाई बोलाएर भने मैले मेरो उपदेश त्यो भोको किसानलाई सुनाएको भए त्यसले केही बुझदैंनथ्यो, किनकि भोकको क्लेस भन्दा ठुलो अरु क्लेश कुनैं पनि हुदैंन ।

बुद्दले के पनि स्पस्ट गरेभने मध्यम मार्गको अर्थ भोक लिप्सा होइन यसको विपरीत मध्यम मार्गको अर्थ सबैं प्रकारको



Downloaded from http://www.dhamma.digital

मोह र शरीरलाई कष्ट दिने मोहबाट पनि अलग रहनु हो।

कौशलका राजा प्रसेनजित भोजनको लागि अत्यन्त सौखिन थिए। एक पटक उनी बिहानको सबेरैं सत्पाहार खाँदा खाँदै उघ्न लागे। तर बिहान सबेरैं उनी सुत्न चाहेनन्। उनी निद्रा भगाउनको लागि बाहिर घुम्न निस्के, घुम्दा घुम्दै उनी भगवान बुध्द भएको ठाउँ जेतवन बिहार पुगे। उनी बुध्दको समीपमा गई थचक्क बसे। नीदले त्यसबेला सम्म उनलाई सताई रहेको थियो तर येन केन आँखा खोलेर बसेका थिए।

बुध्दले उनको (राजाको) दशा देखेर सोधें " राजन तपाईको यो आलस्यको कारण केहो? के तपाईलाई राती निद्रा लागेन?

राजाले विनम्रतापूर्वक उत्तर दिए, "भन्ते! राती म सुतेको त थिएं तर जब मैले केही खान्छु मेरो यस्तो दशा हुन्छ!"

बुध्दले भने।' राजन् तपाई भोजनाधिक्यको रोगबाट पीडित हुनुहुन्छ। धेरैं भोजन गरेर सधैं सुति रहनु र धेरैं अन्न खाएर लम्पसार परेर वस्ने सुंगूर जस्तै पल्टीरहनु मूर्खता हो किनभने धेरै खानु नै रोग निम्त्याउनु र शरीरलाई कष्ट दिनु हो।"

बुध्दले त्यसपछि भन्नुभयो, " राजन् संयम राखेर परिमित भोजन गर्नु नै बुध्दिमानी हो। त्यस्तो भोजन तृप्तीकारक पनि हुन्छ अल्पाहारी व्यक्ति बिस्तारैं बूढा हुन्छन र अनेक शारीरिक रोगबाट बाँच्दछन्।

राजा प्रसेनजितले बुध्दको उपदेश शिक्षानुसार व्यवहार



Downloaded from http://www.dhamma.digital

गर्न कोशिश गर्न थाले, तर सफल हुन सकेनन् त्यसपछि बुध्दले भतिजा राजकुमार सुदर्शनलाई बोलाए र राजाको सहयोग गर्न परामर्श दिए । बुध्दले भने राजाले उचित मात्रामा भोजन गर्दछन भने उनलाई यति भोजन गर्ने भनी तोकि दिनू , धेरै खान नदिनू ! परिमित मात्रामा उनलाई भोजन पस्किदिनु , भोजन फेरि थप्न नपरोस् ।

राजाले यस प्रकारको परीक्षणमा सहयोग गरे । उनले सुदर्शनले भोजनका मात्रा तोक्नुभन्दा पहिले नै भोजनले तृप्त हुन्थे । जब सम्म सुदर्शनलाई उनको भोजनकोलागि सतर्क रहनु पऱ्यो, तब सम्म राजाले आफुले गल्ती गरेको भनी जरिवाना स्वरूप एक हजार असर्फी सुदर्शलाई दान दिए । बिस्तार बिस्तारै उनको भोजन एकदम कम हुदै गयो । यसबाट उनको मोटो शरीर एकदम पातलो हुदै गयो स्फूर्ति आउन थाल्यो र उनी बुध्द कहाँ गएर यस प्रकारले धन्यवाद दियो "मलाई मेरो प्रसन्नता फेरि प्राप्त भयो । अब म फेरि शिकार खेल्न जान्छु, जंगली जनावर र घोडाहरु रक्सन सक्छु पहिला त म भतिजासंग ऐकदम दु:खी थिए तर अब म उनी देखि यति प्रसन्न छु कि मैले मेरो छोरी उनलाई विवाह गरी दिए" ।

संतुलित भोजनबाट विजय पाएका खेलाडी राजा प्रसेनजितले सन्तुलित न्याय केलाई भन्दछन् भन्ने कुर पनि बुध्दसंग बाट सिके ।

एक दिन प्रशेनजित बुध्दसंग भेट्न गएको बखत बाटामा



Downloaded from http://www.dhamma.digital

केही भिक्षुहरु हिंडिएका देखे ! उनी भिक्षुहरुको सम्मानार्थ उभिएर बसे र विनम्रतापूर्वक प्रणाम गरे । जब उनीहरु गए तब उनले बुद्धसग सोधें " जुन भिक्षु अहिले आएका थिए, उनीहरुमा के यस्तो पनि छ , जसलाई साँचो अर्थमा साधु भन्न मिल्छ ? बुद्धले भने " कामनाहरुबाट घेरिएको धनको मोहमा लिप्सिएको संसारी व्यक्तिको लागि यस प्रकारको निर्णय दिनु कठिन छ । कुनै व्यक्तिसग साथमा धेरै समय बिताए पछि मात्र उसको इमान्दारीको सम्बन्धमा केही कुरा भन्न सकिन्छ । कठिनाइमा व्यक्तिको आन्तरिक विचार बुझ्न सकिन्छ । कुनै व्यक्ति संग धेरै समय सम्म व्यवहार गरेर र बराबर कुराकानी गरेर मात्र त्यो व्यक्ति कत्तिको बुद्धिमानी रहेछ भन्ने कुरा जान्न सकिन्छ !

बुद्धले आफुमा मानिस चिन्न सक्ने अलौंकिक शक्ति छ भनेर कहिल्यै पनि मनेनन् उनको पाको निर्णय अनुभव अन्य ज्ञान र आत्मज्ञानमा आधारित रहेको छ । जब उनले कसैको प्रशंसा वा आलोचना गर्छन् त्यस बेला यो सन्तुलन स्पष्ट देखा पर्दछ ।

बुद्धले एक पटक केही भिक्षुहरुको साथमा यात्रा गरि रहेका थिए , उनीहरुको पछि पछि सुप्रिय र ब्रह्मदत्त नामका दुई अन्य धर्मावलम्बीहरु पनि आइरहेका थिए । उनीहरुले बुद्ध, उनको बिहार र भिक्षुसंघको बारेमा कुरा गर्दै आएका थिए । सुप्रियको दृष्टिकोण खालि आलोचनाहरु थियो भने ब्रह्मदत्तले बुद्ध र अन्य धर्महरुको प्रशंसा मात्र गर्दथे ! राति उनीहरुपनि



Downloaded from http://www.dhamma.digital

त्यही ठाउँमा वास बसे जहाँ बुद्ध बसेका थिए रातभरी पनि उनीहरुको आलोचना प्रत्यालोचना भइनैं रहेको थियो। जुनकुरा बुद्धका सहभागी भिक्षुहरुले पनि सुने। बिहान सन्यासीहरुको कुरा कानीवाट केही भिक्षुहरु रिसाएका थिए। उनीहरु. रिसाएको कुरा बुद्धले सुने र उनीहरुलाई बुद्धले बोलाएर भने, भिक्षु हो, म र मेरो सिद्धान्त तथा सघहरुको आलोचना सुनेर तिमीहरु किन दुःखी हुन्छौ ? यो क्रोध र दुख आफ्नो आत्मा विजय गर्ने वाटामा राखेको अवरोध साबित हुन जान्छ। अनेक व्यक्ति हरुको कुरा सुनेर यदि तिमीहरु क्रोधित हुन्छौं भने उनीहरुको भनाइको प्रामाणिकताको परीक्षा कसरी गर्न सक्छौ ? जब कसैले हाम्रो आलोचना गर्दछ भने उनीहरुको भनाइका जाँच लेऊ र उनींहरुको भनाइ अप्रामाणिक छ भने उनीहरुलाई सकारण भनिदेऊ तर कसैले मेरो सिद्धान्त र मलाई अथवा संघको प्रशंसा गर्दछ भने; त्यस समय प्रसन्न हुनु पर्ने आवश्यकता छैन। जसले सत्य कुरा गर्दछ त्यसलाई मात्र स्वीकार गर उसले कति कुरा सही गऱ्यो भन्ने कारणसहित बताई देऊ। धेरै जसो जो मेरो प्रशंसा गर्दछ, त्यो प्रशंसा कुनै गम्भीर हेतुको विषयमा लिएर गरिएको हुँदैन, त्यो त खालि माथि माथिको सानो तिनो कुरालाई मात्र गरिएको हुन्छ।

बुद्धको यो उपदेश सम्झाउनका लागि एउटा कथा छ।

अतुल नामक एक जना युवक थिए। उनी श्रावस्तीमा बस्दथे। उनका धेरै साथीहरु थिए! उनलें बिहारमा गई उपदेश



Downloaded from http://www.dhamma.digital

सुन्ने निश्चय गरे । उनी विहारमा पुगे र रेवत लाई भेटे । उनलाई प्रणाम गरी उनीसंग बसे र उत्सुकतापूर्वक उनको उपदेशको प्रतिक्षा गरिरहे ! रेवत आफूमै मग्न भएर बस्दथे । उनले ती युवकप्रति कुनै ध्यान नै ध्यान दिएनन् न त कुनै उपदेश नै दिए ।

निराश भएर उनी सारिपुत्रकहाँ गए । सारिपुत्रले उनी आएको देखी प्रसन्न भएर उनलाई विस्तारपूर्वक बुद्धधर्मको सार मर्म सम्झाए, तर अतुललाई उनको कुरा सुनेर कुनै सन्तोष भएन ! उनका धेरै जस्तो मित्रहरुलाई सारिपुत्रको लामो उपदेशले निद्रा नै लाग्यो !

अतः उनी आनन्द छेउ गए आफु रेवत कहाँ जाँदा उनी त बोल्दै नबोलेको र सारिपुत्र धेरै बोलेर आफुहरुलाई पटेर लागेको कुरा सुनाए । आनन्दले उनीहरुको कठिनाई बुझेर बुद्धका विचार सरल भाषामा र सक्षेपमा सुनाए, आनन्दसंग पनि उनी सन्तुष्ट भएनन् र आफ्नो असन्तुष्टि बुद्धछेउ गएर सुनाए बुद्धले उनलाई भने " सधै मानिसले मानिसको आलोचना गर्दै आइरहेको छ, जो बोल्दैन, उसको आलोचना हुन्छ, जो ठिक्क उसको पनि आलोचना हुन्छ । प्रत्येक व्यक्तिले दुइटा काम गर्छ त्यसले आलोचना गर्छ अथवा प्रशसा । यो पृथ्वी; यो सूर्य, यस चन्द्रमाको र मेरो पनि, यो समय सघलाई जो उपदेश दिइरहेकोछु, यसबारे कसैले प्रशसा गर्छ र कसैले आलोचना, तर साधारणतया प्रशसा या आलोचनाको कुनै अर्थ नै छैन ! हो



Downloaded from http://www.dhamma.digital

जो आफु असंबृक्त भएर आफ्नो आलोचना वा प्रशंसा गर्दछ, त्यसको अर्थ अवश्य छ ।

बुद्ध स्वयं पनि आलोचनाबाट अलग रहन सकेनन् । बराबर के प्रश्नहरु उठीरहनेछ भने आत्माका सम्बन्धमा बुद्धको विचार के छ ? हिन्दू धर्मले के मानेको छ भने आत्मा परमात्माको अंश हो र आत्मा परमात्मासंग मिल्न व्याकुल रहेको हुन्छ । के बुद्धले आफु भन्दा अरु कुनै ईश्वरलाई मान्दछन् ?

बुद्धले यस प्रकारको विचार गर्नु समयको अपव्यय ठान्दथे । उनको भनाइ के छ भने संसार दुःखमय छ र सही बाटो समाती त्यस दुःखबाट मुक्त भएर सबोधि प्राप्त गर्न सकिन्छ ! अब उनले सत्यको ज्ञानको बारेमा कुरा गर्दछन् तब उनले त्यही बोधिज्ञानको बारेमा कुरा गर्दछन् ।

बुद्धको समयमा पनि त्यस्ता व्यक्तिहरु थिए, जो उनको त्यस दृष्टिकोणबाट सन्तुष्ट थिएनन् ।

बुद्धका शिष्य मालुंक्यपुत्र अशान्त प्रकृतिका व्यक्ति थिए । किसिम किसिमका प्रश्नहरु उनका दिमागमा घुमिरहन्थे र ध्यानमा उनले पूरा समय दिन सक्दैनथे बुद्धले आफ्नो प्रश्नको जवाफ दिनु नै पर्दछ भन्ने उनको विचार थियो । तर जुन बेला उनले बुद्धसंग प्रश्न गर्दथे, त्यसलाई उनले त्यसै टाली दिन्थे । आफ्नो प्रश्नको निश्चित जवाफ नपाउँदा उनी दुःखी भए र उनीले के सोचे भने बुद्धले उनका जवाफ दिनु पर्छ अन्यथा उनले संघ छोडी गृहस्थी हुनु पर्छ ! उनले बुद्धसंग गएर आफ्नो त्यो



Downloaded from http://www.dhamma.digital

प्रश्न राखें जसले उनलाई सताइरहेको थियो ! के विश्व नित्य छ ? के यो अनन्त छ ? आत्मा र शरीर एउटै हुन् वा भिन्न हुन् ? र यो पनि भने " यदि आज मैले आफ्नो प्रश्नहरुको जवाफ पाइनँ भने मैले संघलाई त्यागी दिन्छु यदि तपाईंले विश्व नित्य छ भन्ने जान्नु हुन्छ भने तपाईंले किन भन्नु हुन्न विश्व नित्य छ। यदि तपाईंले जान्नु हुन्न भने भनि दिनुस् कि मलाई यसबारे ज्ञान छैन " ।

बुद्धले भने " मालुक्यपुत्र, के मैंले तिमीलाई बोलाएको थिएं ? के मैंले मालुंक्यपुत्र; तिमी मेरो साथ आऊ मैले जे भन्छु त्यही गरी पवित्र जीवन व्यतीत गर र मैले तिम्रो प्रत्येक प्रश्नको जवाफ दिन्छु भनेको थिएं ? यस प्रकारका शब्दहरुले बुद्धले पहिला त मालुंक्यपुत्रलाई केही तर्साए र अगाडि फेरि भने मालुंक्यपुत्र, एउटा यस्तो व्यक्तिको कल्पनागर, जसलाई विषबाण लागेको छ । उसका मित्र र सम्बन्धितहरुले तत्काल उसलाई चिकित्सककहाँ लिएर जान्छन् तर उसले भन्छ कि यस भन्दा पहिला मैले बाण निकालिदिऊँ, मैले के जान्न चाहन्छु भने जसले मलाई बाण हानेको छ त्यो को थियो ? त्यो ब्राह्मण, क्षत्रिय, वैश्य, या शुद्रमध्य कुन थियो ? उसको नाउँ र गोत्र के थियो ? त्यो अग्लो थियो कि होंचो ? उसको शरीरको वर्ण गोरो, कालो, वा पहेंलो कस्तो थियो ? त्यो कुन गाउँ वा शहरमा बस्दथ्यो ? मैले यो पनि जान्न चाहन्छु बाण चलाउनको लागि कुन प्रकारको धनुष व्यवहारमा ल्याएको थियो ? धनुषको प्रत्यचा



Downloaded from http://www.dhamma.digital

कस्तो थियो ? बाणमा कुन पक्षीको प्वांख राखेको थियो र वाण कुन विषमा डुबाएको थियो ?

" मालुंक्यपुत्र ती प्रश्नहरुको उत्तर जुटाएर उसलाई बताउनुभन्दा पहिले त्यो मानिस मरि सक्दछ ! यही दशा त्यो व्यक्तिको थियो, जसले यो जान्न चाहन्थ्यो कि विश्व नित्य र असीम छ कि छैन ? यस प्रश्नको जवाफ नपाइकनै ऊ पवित्र जीवनको बाटो ग्रहण नै गर्दैन ।

: मैले के तिमीलाई भन्दछु भने निर्माण–प्राप्तिको लागि यी प्रश्नहरु कुनै महत्व नै छैन । यी प्रश्नहरुको जवाफ जस्तो सुकै होस जन्म, जरा, ह्रास, मृत्यु, र यसबाट उत्पन्न हुने कष्ट, दु:ख र शोकमा त्यसको कुनै असर पर्दैन न त मेरो यस कामबाट नै यही जन्ममा नै मुक्ति पाउन सम्भव छ ।

" अत: मालुंक्यपुत्र, जो मैले स्पस्ट गरिदिए, त्यसलाई स्वीकार गर र जसको व्याख्या मैले गरिनं त्यसका सम्बन्धमा विचार नगर । जान्दछौं, जुन प्रश्नहरु तिमीले गर्‍यौ, त्यसको जवाफ दिन मैले किन कोशिश गरिन ? किनकि त्यसको उत्तर बाट अध्यात्ममय जीवन प्रमाणित हुदैन, नत त्यसको एक अर्को-संग कुनै सम्बन्ध नै छ । यसले तिमीलाई असपृक्तता, शान्ति, गहिरो अनुभूति र अन्तमा निर्माण प्राप्त गर्नमा कुनै मदत हुन सक्दैन । मैले के भने ? यही त दु:ख हो, मैले यहां विधि बताए जसद्वारा यो अवस्थाको अन्त भएर जान सक्छ । मैले तिमीलाई यी सब यसकारण बताए किनकि आध्यात्मिक जीवनको



Downloaded from http://www.dhamma.digital

यही सब सारभूत सिद्धान्त हो ।"

यही कुरा उनले एउटा रुखमुनि बसी केही भिक्षुहरुसंग कुरागरि रहदा भनेका थिए । बुद्धले अगाडिको केही पातहरु लिएर भने "भिक्षुहरु मेरा हातमा धेरै पातहरुछन् कि रुखमा ? "

भिक्षुहरुले उत्तर दिए, "वृक्षमा अत्यन्त धेरै पातहरु छन् ।

बुद्धले भिक्षुहरुलाई आफ्नो कुरा सम्झाउँदै भने, "यसरी जुन सत्यको स्पस्ट अनुभव गरी तिमीहरुलाई बताए, यो मेरो हातको पातहरु हो । जुन कुरा मैले बताइन ती रुखको पात हरु हुन् । जुन कुरा बताएको छैन, पवित्र जीवनको लागि त्यसको जानकारी लिनु कुनै आवश्यकता छैन न त्यो कुनै प्रकारको आध्यात्मिक जीवनको लागि सहायक बन्न सक्छ ! मैले तिमीहरु लाई दुःखको प्रकृति र त्यसबाट मुक्तिहुने उपाय बताएको हुँ । यही ज्ञानबाट निर्वाण प्राप्त हुन सक्छ ।

बुद्ध हठवादिताका विरोधी थिए । दार्शनिक विषयमा विचार गर्नु उनी व्यर्थ सम्झन्थे र ईश्वर सम्बन्धि निश्चित विचारसंग कुराकानी गर्नु बिल्कुल गलत मान्दथे ! ऐक दिनको कुरा श्रावस्तीमा धेरै विद्वान् सन्यासी दार्शनिक विषयमा वाद-विवाद गर्न थाले । त्यहाँ बुद्ध पनि उपस्थित थिए । बहसको अन्तमा उनीहरु तिने प्रश्नमा आइ पुगे जसले मालुंक्यपुत्रलाई सताइ रहेको थियो । जस्तै के, विश्व नित्य छ ? के त्यो अनन्त



Downloaded from http://www.dhamma.digital

छ ? के शरीर र आत्मा दुई भिन्न वस्तुहरु हुन् ? के यो संसारमा पूर्णताको प्राप्ति हुन सक्छ ? बहस कति धेरै र चर्कोचर्को भइ रहेको थियो भने ज्ञानान्वेषणबाट अलगिएर व्यक्तिगत आक्षेपको धरातलमा आइपुग्यो । उनीहरु एक अर्कोलाई गाली गर्न थाले । उनीहरु मध्ये कुनैले बुद्धलाई सम्झाउन आग्रह गरे ; बुद्धले सबैलाई शान्त गरे र यो कथा सुनाए ।

एक पटक एक राजाले धेरै अन्धाहरुलाई बोलाए र उनीहरुको बीच ऐउटा हात्ती ल्याएर उभ्याइदिए । राजाले अन्धाहरुलाई भने तिमीहरु अगाडी गएर हात्तीलाई छोएर भन हात्ती कस्तो छ ? कसैले छोएर हेर्दा हात्तीको टाउको पऱ्यो, कसैले कान कसैले दाँत, कसैले पक्रदा सूँड पऱ्यो, कसैले खुट्टा र पुच्छर छोए । कसैले हात्तीको पुच्छरको रौं छोयो । राजाले प्रत्येक अन्धासंग सोधे हात्तीको रुप कस्तो छ ? जसले हात्तीको टाउको छोएको थियो त्यसले हात्ती त अण्डा जस्तो गोलो लामो हुन्छ । जसले कान छोएको थियो त्यसले हात्ती नाङ्लो जस्तो छ भन्यो । दाँत छोएकाले हात्ती त हलोको फाल जस्तो हुन्छ भने। जसले सूँड छोएँको थियो त्यसले हल को मूठ जस्तो, खुट्टा छुनेले खम्बा पुच्छरलाई मुसल र जसले हात्तीको पुच्छरको अन्तिम भाग समात्यो त्यसले हात्ती कुचो जस्तो हुन्छ भन्यो ।

उत्तर सुनेर राजा हाँस्न लागे र अन्धाहरु एउटाको कुरा अर्कोले सुनी आपसमा झूठो कुरा गऱ्यौ भनी झगडा गर्न



Downloaded from http://www.dhamma.digital

लागे । झगडा गर्दागर्दा तिनीहरु हात हालाहाल गरे ।

बुद्धले भने यी बहस गर्नेहरु सबै हात्तीको स्वरुप निश्चित गर्ने अन्धाहरु जस्तै हो । तिनीहरुले यथार्थको केवल एक पक्षमात्र देखेका छन् तर कुरा कस्तो गरि रहेका छन् भने सम्पूर्ण यथार्थ नै तिनीहरुले जानेका छन् !

हात्तीको तुलना बारे बुद्धले अर्को एक ठाउँमा प्रयोग गरेका छन् जसले गर्दा सत्यको खोजी गर्दै हिंडेका व्यक्तिको लागि धैर्य र विनम्रताको उपदेश दिए । एक साधारण व्यक्ति जंगलमा जान्छ, उसले त्यहाँ हात्तीको पद–चिन्ह देख्छ । उसले सोंच्दछ यो त राजाको सबैभन्दा ठूलो हात्तीको पाइला हो ! अर्को खोजी गर्ने व्यक्ति बुद्धिमान थियो । उसले विचार गर्दछ यो छोटो मोटो पोथी हात्तीको पनि हुन सक्छ । आफ्नो विचारलाई पुष्टि गर्न उसले अरु संकेतहरुको पनि खोजी गर्दछ। उसले के देख्दछ । जुनबाटो हात्ती गएको छ त्यस बाटाका रुखका एक गज अग्ला हाँगाहरु भाँचिएको छ । तब सम्म पनि उसले राजाको हात्ती नै यस बाटो बाट गएको छ भनि भनेन । उसले अरु प्रमाणहरु खोज्न थाल्यो र अन्तमा उसले आफुलाई निश्चिय भइ सकेपछि मात्र यो राजाको हात्तीको पद-चिन्ह हो भन्यो ।

बुद्धले भने यस प्रकार आध्यात्मिक उन्नति पनि विस्तार विस्तार हुँदै जान्छ । कहिल्यैं पनि कसैले के सोच्नु हुदैन भने त्यसले पूर्णता प्राप्त गर्न सकेको छ, किनकि अपूर्णता रहदा सम्म



Downloaded from http://www.dhamma.digital

अगाडि बढने उपाय सधैं रहन्छ !

बौद्ध धर्म तिनीहरुको लागि होइन, जसलाई कुनै गुरुले धर्मग्रन्थ सधैं भनि रहनु परोस् बुद्धको सारा उपदेशमा कुनै कुरा हुन्छ भने प्रत्येक व्यक्तिले समतामा रहेर सोच्नु पर्दछ। सदाचार सम्बन्धी नियम सधैं पालन गर्नु पर्दछ। तर सम्पूर्ण व्यक्तिहरुलाई विचार गर्ने सोच्ने एउटा परिधि त चाहिन्छ नै। त्यसको लागि बुद्धले आर्य अष्टांगिक मार्गको व्याख्या गरेका छ। उनको कर्म सम्वन्धी सार के हो भने कुनै पनि व्यक्तिले निर्माण प्राप्त गर्न आफै लाग्नु पर्दछ।

एक दिन बुद्ध केशपुत्र गए त्यहाँ धार्मिक गुरु र सन्यासी सधैं आइरहन्थे जो मुर्के आवम अर्काको सिद्धान्तको धज्जि उडाउँछ, र आफ्नो नयाँ सिद्धान्त प्रतिपादन गर्दछ। यो देखेर केशपुत्रका व्यक्तिहरु अत्यन्त दुःखी थिए। बुद्ध त्यहाँ पुग्दा उनी संग हामिहरुले कुन चाहि गुरुले सत्य भनेका छन् ? कसरी जान्ने भन्ने कुरा सोध्न मानिसहरु आए।

बुध्दले भने, " तपाईहरु अनिश्चित एवं शंकालु हुनु स्वाभाविक हो ! तपाईहरुले कुनैं सिध्दान्त सही भएको प्रमाण सुनेको भए, धर्मग्रन्थ र गुरुको बुध्दिमत्तापूर्ण विचारलाई महत्व दिन हुने थिएन ! तपाईहरु आफूले आफैलाई सोध्नुस् के सत्य हो के असत्य ? के गरेर बुध्दिमानहरुले गलत मन्दछन् र के गरेर अनिष्ट र अशुभ हुन्छ ?

यसमा पनि कुनै व्यक्तिहरुले जवाफ टाल्नको लागि



Downloaded from http://www.dhamma.digital

भन्दछन् कलामको जस्तैं निर्णय गर्नको लागि एउटा निश्चित मापदण्डलाई आधार मान्नु पर्दछ भन्ने माग गर्दछन् । बुध्दले कलामलाई जवाफ दिएका थिए जो पच्चीससय वर्ष भइसकेको छ । तर आज सम्म पनि मानिसको साम्प्रदायिकता, असहिष्णुतामा कमी आएको छैन यस्तो प्रश्नको उत्तरमा बुध्दले भन्थे; " सर्व-प्रथम आफ्नो अन्तर आत्मालाई त हेर, जो आकांक्षा, क्रोध र भ्रमले भरिएको छ। यस्तो आत्माबाट सही उत्तर कसरी पाउन सकिन्छ ? " यही कुरा बुध्दले कलामलाई सम्झाएका थिए। कलाम यस कुराबाट सन्तुष्ट भएका थिए ।

व्यक्ति–पूजामा मानिस नलाग्नु भनेर बुध्दले हरवखत सतर्क गराएका छन् । बुध्दले उपदेशलाई महत्व दिएका छन् उपदेश दिने व्यक्तिलाई होइन् ।

आफ्नो प्रारम्भिक यात्राको समय एक दिन बुध्द एक कुमालको पिंडीमा वास बसेका थिए । त्यही एकजना युवक संन्यासी पनि वास बसेका रहेछन् बुध्दले उनीसंग कुरा गर्न थाले । त्यस बखत का संन्यासीहरुका कुनै न कुनै एक गुरू हुन्थ्यो । अतः तिम्रो गुरू कुन हुन् भनी सोधें !

युवकको नाम पुण्कुसाति थियो । उनले जवाफ दिए, " शाक्यवंशको सिध्दार्थ गौतमले घरबार त्यागी भिक्षु भएका छन् उनको प्रशंसा धेरै सुनेको छु । मानिस भन्छन् उहाँले बुध्दत्व प्राप्ति गरिसकेका छन् मैंले मेरो पथप्रदर्शक उनैलाई मानेको छु । उनको उपदेश अनुशरण गर्न चाहन्छु । उनैको ज्ञानबाट



Downloaded from http://www.dhamma.digital

म प्रव्रज्जित हुन चाहन्छु ।"

बुद्धले सोधे, "के तिम्रो गुरुलाई कहिल्यैं देखेका छौ ?" के उनलाई देखेमा चिन्दछौ ?"

पुक्कुसातिले भने, 'न मैंले उनलाई कहिले देखेको छु, न देखे भने चिन्दछु ।

बुद्धले पुक्कुसातिलाई आफू को हो भन्ने कुरा केही भनेनन् । उनले बुद्धको उपदेश सुनाउँछु भन्ने इच्छा प्रकट गरे । पुक्कुसाति उपदेश सुन्न तयार भयो । बुद्धले उपदेश सुनाए उपदेश सुने पछि पुक्कुसातिलाई निश्चित भयो बुद्धको उपदेश अरुले होइन स्वयं बुद्धले नैं सुनाएका छन् उनले बुद्धलाई चिन्न नसकेकोमा क्षमा मागे र प्रव्रज्जित गराउन प्रार्थना गरे ।

भिक्षु बन्नको लागि चीवर र भिक्षा-पात्रको आवश्यकता प-यो पुक्कुसाति ती सामानहरु लिन गइरहेको बखत बाटोमा उनलाई एउटा गोरुले हान्यो, र उनको त्यही परलोक भयो । बुद्धले पुक्कुसातिको मृत्यु भएको समाचार सुने पछि उनी बुद्धिमान व्यक्ति भनी प्रशंसा गरे । बुद्धले भने पुक्कुसातिले सत्यलाई चिनेका थिए उनी गुरुसग होइन सिद्धान्तसग सम्बन्धित व्यक्ति थिए ।

श्रावस्तीको एक जना युवक बक्कलि बुद्धसंग मुग्ध भए जहिले पनि बुद्ध आउने जाने गरेको देख्थे तब उनी अभिभूत भई उठ्दथे उनले के विचार गरे भने घरमा बसेर त मैले चाहेको बखत बुद्धलाई देख्न पाउँदिन, त्यसैले म भिक्षु भई



Downloaded from http://www.dhamma.digital

संघमा सामिल भए भने बुद्धलाई हेर्न पाउने इच्छा तृप्त हुन्छ । यसले भिक्षु संघमा गई दीक्षा लिएर भिक्षु बने । भिक्षु संघमा बसी उनले अहिले पनि बुद्धको अनुसरण गरी रहने गरे । बुद्धलाई एकटकले हेरीरहन्थे, र प्रशंसा गर्दथे बुद्धले बक्कलिको मोहलाई बुझेका थिए । तर बुद्धले आफ्नो उमेर अलिक पाको हुन्जेल पर्खिरहे ! जब आफ्नो उमेर बुढेसकालमा पुग्यो तब बुद्धले भने, " मेरो शरीर त नाशवान छ अनित्य छ, यदि तिमीले मलाई साँच्चै हेर्न हो भने मेरो उपदेशलाई हेर "। तर बुद्धको भनाइले बक्कलिलाई कुनै असर परेन, त्यस कारण बुद्धले अर्को कडा उपाय सोंचे ! त्यसै बखत राजगृहबाट वर्षावासको लागि निमन्त्रणा प्राप्त भयो । बक्कलि पनि बुद्धको साथमा जान तरख-लिए, बुद्धले भने " बक्कलि तिमी म संग जान सक्दैनौ । यो यात्रा म एक्लैको हुनेछ । "

बक्कलि अत्यन्त निराश भए, र आफ्नो कोठामा गई बुद्धको दर्शन बिना ३ महीना कसरी काटने ? भन्ने सोच्न थाले उनी निराश भएर एक पहाडको टुप्पामा चढेर आत्म-हत्या गर्ने विचार गर्न थाले । त्यस बखत बुद्ध उनको अगाडि प्रकट भएर सम्झाए । आफ्नो उपदेशबाट मात्र उनलाई कल्याण हुन सक्छ भन्ने कुरा विस्तृत रूपमा सम्झाए । बक्कलिले आफ्नो गल्ती महसूस गरे ।

बुद्धका उपदेशमा शास्त्रहरुमा जस्ता कुनै कुरा हुँदैनन् उनका उपदेश मनुष्यमात्रको प्रकृतिमा आधारित भएका हुन्छन् ।



Downloaded from http://www.dhamma.digital

भिक्षु पनि प्रकृत्या मनुष्य नै हो, अत: उनीहरुमा पनि संघको विषयमा लिएर ईर्ष्या, द्वेष भावना भएको हुन्छ। उनीहरु आपसमा झगडा गर्छन् जुन झगडा मिलाउन बुद्ध नै चाहिन्छ। एक पटक त भिक्षुहरुको झगडामा बुद्ध मध्यस्थ भएर बस्दा छक्क परेका थिए कोशांबीका संघहरु स्वच्छताको एउटा सानो कुरालाई लिएर दुई जना अग्रणी भिक्षु-हरुको बीचमा ठूलो वाद-विवाद चल्यो। उनीहरु दुबैका अनुयायी भिक्षुहरुका बीचमा पनि विवाद शुरु भयो र उनीहरु आपसमा झगडा गरे। विवाद बढ्दै दुबै पक्षका भिक्षुणीहरु उपासक र उपासिका सम्म पुग्यो। दुबै पक्षका भिक्षुहरुका बीचमा बोल-चाल बन्द भयो। यो कुरा सुनेर बुद्धले कोशांबीका भिक्षुहरुले आपसी झगडा बन्द गरुन भनी खबर पठाए। तर त्यस खबरलाई कुनै वास्ता नगरिएकाले बुद्ध स्वयं कोशांबी गए। यसबाट पनि उनीहरु शान्त भएनन् र बुद्ध निराश भएर एक्लै त्यहाँबाट निस्के र परिलय नामक वनमा गई वर्षावास गर्न थाले। वनमा एउटा हात्ती भेटियो, जस्ले बुद्धको सेवा गर्न लाग्यो। बुद्धले भिक्षु संघलाई त्याग गर्ने कुराको हल्ला सुनेपछि उपासकहरुले भिक्षु संघलाई कुनै पनि सहयोग गरेनन् र जब सम्म भिक्षुसंघले बुद्धसंग गएर क्षमा माग्दैन तब सम्म सहयोग गर्दैनन् भने। संघले यो कुरा स्वीकार गरे तर वर्षाकालमा बुद्धलाई खोज्न जान सम्भव थिएन। अत: वर्षावासको अन्तिम सप्ताहमा उपासकहरुको सहायता नहुँदा संघले कष्ट भोगे।



Downloaded from http://www.dhamma.digital

जंगलमा हात्ती र जंगली जानवरहरुबाट बुध्दको रक्षा भएकै थियो । उनीहरुले बुध्दको चीवर र भिक्षा-पात्र समेत बोकेर बुध्दसंग भिक्षाटनमा समेत जान्थे । जंगलमा एउटा बादरले पनि बुध्दको सेवा गरिरहेको थियो । उसले बुध्दलाई जंगली मह खान दियो । प्रकृतिको काखमा समय बिताइरहेका बुध्दलाई त्यो समय अत्यन्त आनन्दमय अनुभव भयो ।

बुध्द हात्तीको साथमा जंगलमा बसी रहेको कुरा श्रावस्ती वासीहरुले थाहा पाए ! उनीहरु अनाथपिण्डकलाई लिएर आनन्द-कहाँ गएर सघको झगडा मिलाई बुध्दलाई बिहारमा फर्काएर ल्याउन प्रार्थना गरे ! उनीहरुको कुरा सुनेर धेरै भिक्षुहरुलाई लिएर आनन्द जंगलमा बुध्दको सेवामा पुगे । बुध्दले उनीहरु आएको देखेर यसरी सम्बोधन गरे " साथी बुध्दिमान हुन्छ भने तिनले शान्ति-पूर्वक जीवन व्यतीत गर्दछन् । तिनीहरुको साथ सहयोग-पूर्वक बस्नु र तिनीहरुसंग कुराकानी गर्न पनि राम्रो लाग्छ । अन्यथा जसले राजपाट त्याग गरेको छ, त्यस्तै राजाको रुपमा जंगलमा हात्ती जस्तै एक्लै बस्नु श्रेयस्कर हुन्छ । मूर्खसग बस्नु व्यर्थ छ । "

बुध्द सबैसंग श्रावस्तीमा फर्केर आए । हात्तीसंग बिदा भएर आएको दृष्य एकदम हृदय-विदारक थियो । हात्तीले बुध्द गएको देखेर दुःखी भइ रोइ रह्यो । बुध्द जेतवन पुगेपछि कोशांबीका भिक्षुहरुले क्षमा माग्न आए । भिक्षुहरुमा कौशलका राजा र अनाथपिण्डक अत्यन्त दुःखी थिए । उनीहरुलाई सम्झाउँदै



Downloaded from http://www.dhamma.digital

बुध्दले भने "यी सबैजना ज्ञानी छन् । आपसी झगडाको कारणले मेरो कुरा नसुनेको हो।" भिक्षुहरु आफ्नो व्यवहारबाट अत्यन्त लज्जित भई शान्त बसेका थिए । तिनीहरु बुध्दको पाउमा परेर क्षमा मागे । बुध्दले क्षमा दिए र भने " कुनै कुनै व्यक्तिको ज्ञान छैन, झगडा आफैं समाप्त भएर जान्छ, यदि यो जानेको भए तिमीहरुको मनमा घृणाले स्थान पाउने थिएन ".

एक पटक बुध्द युध्दलाई रोक्ने मूल्ल बने । रोहिणी नदीको दायाँ बायाँ शाक्य र कोलिया नामका दुई राजवशंहरु थिए । रोहिणी नदी ती दुईको सिमाना थियो ! दुबै पक्षले मिलेर नदीमा बाँध बाँधेर आ–आफ्नो खेतमा पानी सिचाई गरी खेती गर्दथे । गर्मीको समयमा पानी एकदम कम हुँदै गयो र खेत सुका पर्न थाल्यो । कोलियाहरुले नदीको सबै पानी आफ्नो खेतमा लैजाने योजना बनाए, जो शाक्यहरुले चित्त बुझाएनन् उनीहरु रिसाए । यसमा शाक्यहरु र कोलियाहरुको बीचमा झगडा भइ मारपिट भयो त्यस अवस्थामा दुबै पक्षका सेनहरु पनि आईपुगे !

परिस्थिति थाहा पाएर बुध्द उनीहरुको झगडा मिलाउन आइपुगे । उनी दुबैको नाता सम्बन्धित थिए अतः उनको परिस्थिति नाजुक थियो । प्राय मानिसहरु यूध्द गर्दा युध्द गरिहन्छन् तर युध्दको कारण नै भुलि सक्दछन् । बुध्द युध्द स्थलमा पुगे र युध्दको कारण सोधे कसैले पनि स्पष्ट जवाफ दिन सकेन । अन्तमा एउटा साधारण मजदुरसंग आफ्नो प्रश्न राखे उसले जवाफ दियो, "पानी" तव बुध्द राजाको



Downloaded from http://www.dhamma.digital

नजिक गएर सोधे, " राजन् पानीको मूल्य के छ ? "

राजाले जवाफ दिए , " अत्यन्त कम "

बुद्धले फेरि सोधे, " तपाईंको सैनिकको मूल्य कति छ ? "

राजाले भने, " त्यो अमूल्य छ । "

त्यसपछि बुद्धले सोधे, " के पानीको लागि जसको मूल्य कम छ, अमूल्य सैनिक जवानहरुको ज्यान दिनु उचित छ ? फेरि बुद्धले दुबैं राजाहरु र तिनीहरुका पक्षका व्यक्तिहरुलाई सम्बोधन गरे, " तपाईंहरु यसरी किन उत्तेजित हुनुहुन्छ ? यदि आज म यहाँ नभएको भए रगतको खोलो बग्दथ्यो । तपाईंहरुले शत्रुता र घृणालाई आफ्नो मनमा स्थान दिनुभएको छ । म घृणाबाट मुक्त छु । तपाईंहरु उग्रक्रोधबाट पीडित हुनुहुन्छ म यो व्याधीबाट मुक्त छु । तपाईंहरु इन्द्रिय जनित सुखको पछाडी भौतारिइरहनु भएको छ, म यस बाट टाढा छु ! यदि तपाईंहरु सुख-पूर्वक बस्न चाहनु हुन्छ भने मेरो सदा साथ हुन्छ जसले सधैं घृणा गर्दछ, त्यसले घृणारहित भई बस्नु पर्दछ । चिन्ताबाट पीडित व्यक्तिहरुको बीच हामी चिन्तामुक्त रहनु पर्दछ । "

एक समय बुद्ध कपिलवस्तु आएर वर्षावासको लागि बसे त्यस बखत उनको पिताको मृत्यु भएको थियो । जब उनी कपिलवस्तुको नजिक निग्रोध वनमा बसेका थिए, राजा शुद्धोधनकी पत्नी उनकी सानीआमा, जसले उनको पालन पोषण गरेकी थिइन्, विधवा रानी प्रजापति गौतमी उनीकहाँ आइन् र आफु प्रव्रजित हुनका लागि प्रार्थना गरिन् बुद्धले उनको प्रार्थना अस्वीकार गरिदिए । दोस्रो तेस्रो पटक उनले आफ्नो प्रार्थना



Downloaded from http://www.dhamma.digital

दोह्-याइ रहदा पनि बुद्धको उत्तर नकारात्मक नैं थियो। प्रजापति दु:खी भएर फर्केर गइन् ! बुद्ध वैंशाली गए त्यहाँ जंगलमा भिक्षुसंघको बिहार थियो ।

प्रजापतिले दृढनिश्चित गरेकी थिइन् । उनी त्यहाँ पनि आफ्नी दासीहरु र महिला नातेदारहरु साथमा लिई प्रार्थना गर्न बुद्धको शरणमा गइन। यसपटक उनले कपालको रौं काटी पहेंलो वस्त्र धारण गरी संघजस्तैं भई संघको ढोकामा उभिरहेकी थिइन् । धुला मैली थिइन् पैंदल आएकोले उनको खुट्टा फोहरा र सुनिइरहेका थिए । उनी रोइरहेकी थिइन् । यस दशामा आनन्दले उनीलाई देखी आश्चर्य-चकित भई सोधे, " गौतमी तिमी यहाँ के गरिरहेकी छौ ? "

गौतमीले उत्तर दिइन्, " म यहाँ यसकारण उभिएकी छु, किनकि बुद्धले स्त्रीहरुलाई भिक्षुणी बनाउन चाहेका छैनन् ।

आनन्दलाई गौंतमी प्रति दया उत्पन्न भयो र उनी तुरुन्त बुद्धकहाँ गएर स्त्रीहरुलाई पनि ( दीक्षा ) दिनु भिक्षुणी बनाउनु पर्छ भनी प्रार्थना गरे ।बुद्धले उनको कुरा सुनेनन् र आनन्दले बुध्दको तर्क प्रणालीलाई व्यवहारमा ल्याई सोधे, " स्त्रीलाई सघमा सामेल गराए तिनीहरुले बुद्धत्व प्राप्त गर्न सक्छन् । "

सक्दैनन् भन्ने हो भने आध्यात्मिक रुपमा स्त्रीहरु निम्न स्तरमा पुगेको देखिन्छ भन्ने सोचेर बुध्दले जवाफ दिए " उनीहरुले निश्चित रुपमा वोधीज्ञान प्राप्त गर्न सक्दछ । "



Downloaded from http://www.dhamma.digital

आनन्दले भने, त्यसो भएत स्त्रीहरुलाई भिक्षुणी गराउनु नैं पर्छ र प्रजापति गौतमीलाई त झन् गराउनु पर्छ । उनले तपाईंको लालन पालन गरेकी थिइन् ! ”

अब बुद्धले अस्वीकार गर्न सकेनन् । उनले भिक्षुणीहरुको जीवनचर्याको लागि अनेक कठोर नियमहरु प्रतिपाद गरी प्रजापतिलाई सबभन्दा पहिलो भिक्षुणी बनाए । फेरि सिद्धार्थकी पत्नी यशोधरा र उनका परिवारको अरु महिलाहरु पनि भिक्षुणीहरु बने ।

जब कुनैं व्यक्ति संघको एक स्थानबाट माथिल्लो तहमा पुग्दछ, उनीहरुले राजनीति गर्न शुरु गर्दछ । यहाँ देवदत्तले राजनीति खेलेका छन् ! ती देवदत्त जसले पक्षीलाई घाइते बनाएको कारणबाट केटाकेटिमा सिद्धार्थसंग झगडा गरेका थिए । देवदत्त पनि अरु शाक्यहरुको साथमा भिक्षुभई संघमा सामिल भएका थिए । एक पटक जब बुद्ध भिक्षुसंघका साथमा कोशांबी पुग्दैं थिए त्यस वखत देवदत्तले भने संघको शासन मलाई सुम्पि दिनु पर्दछ । बुद्धले उनका कुरा मानेनन् र उनलाई सघबाट निष्कासित गरी देवदत्तको कुनैं पनि क्रिया-कलापमा संघ जिम्मेवारी हुने छैन भन्ने घोषणा गरे । त्यस पछि देवदत्त अजातशत्रुलाई भेट्न गए । अजातशत्रु आफ्ना पिता बिम्बीसारदेखि रिसाएका थिए भने देवदत्त बुद्धसंग । दुवैले आ-आफ्नो शत्रुलाई मार्ने योजना बनाए । अजातशत्रुले त बिम्बीसारलाई मारि दिए । देवदत्तले बुद्धलाई मार्न अनेक प्रयत्न गरे । सर्वप्रथम उनले भाडाका व्यक्तिहरुलाई बुद्धलाई मार्न पठाए । उनीहरुले बुद्धलाई देख्ने



Downloaded from http://www.dhamma.digital

बित्तिकै मोहित भई मार्न आएको भन्ने कुरानै भूलेर उनीहरु भिक्षु बने । दोश्रो एटक देवदत्तले, बुद्ध बाटोमा हिंडिरहेका देखी पहाडबाट ढुङ्गा गुल्टयाइ दिए, त्यसले बुद्धलाई थोरै सानो घाउ सम्म मात्र भयो ! अन्तमा निराश भएर उनी एउटा मत्ता हात्ती बुद्धकहाँ पठाए ! बुद्धको अगाडि पुग्नासाथ हात्ती शान्त भएर उनी माथि आक्रमण गर्न नै बिर्सियो ।

देवदत्तले बुद्धका पाँचसय शिष्यहरुलाई फुटाएर आफ्नो संघ बनाए, तर ती भिक्षुहरुले तुरुन्तै देवदत्तको साथ छोडेर बुद्धको शरणमा फर्केर आए ।

देवदत्तको अन्तिम जीवन कठोर रोगबाट ग्रस्त भएर बित्यो त्यस बखत उनले पश्चाताप गरे र बिरामी भएको बखत बुध्दसंग गएर क्षमा माग्न गए । बुध्दले उनलाई क्षमा मात्र दिएनन् उनले के भविष्यवाणी नै गरे भने उनीलाई अवश्य निर्वाण प्राप्त हुनेछ ।

संघका अन्य नेताहरु पनि बुध्दसंग रिसाएका थिए । अछूत व्यक्तिहरुलाई पनि बुध्दले शरणमा लिएका थिए । उनीहरुको सख्या बढ्दै गएको थियो त्यसबाट पनि असन्तुष्ट थिए । पहिलें त उनीहरुले जनताहरुलाई नै बुध्दको विरुध्दमा खडा गर्न खोजे तर मानिसहरुले तिनीहरुको कुरा नसुनेपछि ती बिरोधी भिक्षुहरुले बुध्दको बदनाम गर्न एउटा चाल रचे । उनीहरुले चिन्चमानक नामकी एउटी आइमाईलाई सिंगारेर पठाउने निर्णय गरे । राती जब बुध्दको उपदेश सुन्न उपासक उपासिकाहरु जेतवन बिहारमा जाँदा उनी पनि साथमा हुन्थिन् र राती भिक्षुसंघको



Downloaded from http://www.dhamma.digital

नजिकको घरमा बास बस्छिन् र बिहान पख जब मानिसहरू जेतवन बिहारमा आउँथे त्यसै बखत उनी फर्केर आउँछिन् । एव प्रकारले बिहान फर्केर आएको कयौं मानिसहरूले देखे र मानिसहरूले उनलाई राति कहाँ बसेको भनी सोध्दा उनी मुस्कुक्क हाँस्थिन् मात्र । केही दिनपछि उनले भने बुध्दसंग सुतेकी थिएँ भनेर जवाफ दिन लागिन यसरी नौं महिना बितिसकेपछि एक दिन आफ्नो पेटमा काठको टुक्रो बाँधेर (बुध्दले उपदेश दिइरहेका बेला) उनी बीचमा आएर उभिइन र चिच्याउँदै भन्न थालिन्, "बुध्द तिम्रो उपदेश त एकदम राम्रो छ, तर यो पापको भारी तिमीले मेरो पेटमा बाँधि दिएका छौ, त्यसलाई के गरुँ ? मेरो पेटमा भएको तिम्रो बच्चाको लागि कुनै व्यवस्था गर्दैनौ ?"

बुद्धले आफ्नो उपदेश बीचमै रोके र यत्ति मात्र भने, "बहिनी तिमीले जुन कुरा भनिरहेकी छौ त्यो सत्य हो कि असत्य, यो तिमी र म बाहेक अरु कसैले जान्दैनन् ।" त्यसै बखत ठूलो हूरी आयो चिन्च्यामानको पेटमा बाँधेर राखेका कपडाहरु उडाएर लगे पछि बाँधेर राखेको काठको टुक्रो नराम्रो संग भुईमा खस्दा उसको खुट्टाको औंला काटियो ।

त्यहाँ यो घटना देख्ने मानिसहरुले चिन्च्यामानलाई भन्नु नभन्नु गाली गरे र त्यहाँबाट निकाले ! षडयन्त्रकारीहरुले बुद्धको प्रतिभा समाप्त गर्न आट्टि सकेका थिए तर उनीहरुको नै पोल खुली बदनाम भए ।

विरोधीहरु क्रूर भए । एक पटक आफ्नो षडयन्त्र असफल भए पनि उनीहरु निराश भएनन् । उनीहरुले के बुझेको



Downloaded from http://www.dhamma.digital

थिए भने बुद्धलाई बदनाम गर्ने सशक्त उपाय स्त्री भन्दा अरु कुनै थिएन उनीहरुले फेरि सुन्दरी नामकी एक केटीलाई भाडामा लिऐ र उनी पनि बुद्धको उपदेश सुन्न जान थालिन् । मानिस हरु उनलाई चिन्न थाले । विरोधीहरुले उक्त केटीलाई मार्न लगाएर उसको लाश संघको नजिकै फ्याँक्न पठाए त्यो केटी बेपत्ता भई भनी खोजी गर्न राजासंग प्रार्थना गर्न विरोधीहरु गए । प्रार्थना साधारण थियो । राजाले सुन्दरीलाई खोज्ने आज्ञा दिए । सुन्दरीको लाश विहारको नजिक फेला परेपछि बुद्धका विरोधीहरुले त्यो युवती बुद्धसग सम्बन्धित थिई, ऊ गर्भ वती भएपछि बुद्धले उसको हत्या गराइदिए भने ! स्थिति केही गम्भीर हुन गयो । तर भयो के भने, रक्सी खाएका हत्याराहरु जो तीन जना थिए रक्सीले मातेर आपसमा लड्न थाले । आफुले गरेको दुष्कर्मबाट कमाएका धन बाँडफाँडमा झगडा भयो । एक जनाले के भनी रहेको थियो भने उसले मारेको हो उस लाई बढी हिस्सा चाहिन्छ । दोस्रोले भन्दै थियो ठिकै छ मैले त समातेको थिए तर हिस्सा बराबर नै हुनु पर्छ उनीहरुका यी कुरा बाहिर मानिसहरुले सुने र तिनीहरुलाई पक्रेर राजाकहाँ ल्याए । अभियुक्तहरुले हत्या गरेको स्वीकार गरे र षडयन्त्रको सम्पूर्ण भेद खोली दिए । यति भएपछि राजाले षड्यन्त्रकारी हरुलाई सारा बजारमा घुमाएर बुद्धको बदनाम गर्न सुन्दरीलाई मार्न पठाएको हो भनी भन्न पठाए यति गरेपछि राजाले तिनी- हरुलाई दण्ड सजाए दिए ।



Downloaded from http://www.dhamma.digital

# निर्वाण

पैंतालीस वर्षसम्म आफ्नो विचारधारको प्रचार प्रसार गरेपछि बुद्ध वर्षावासको लागि बेलुवा गाउँतिर जादै थिए। उनले अब धेरै दिन सम्म आफुले प्रचारको काम गर्न सम्भव छैन भन्ने विचार गरे ! त्यस गाउँमा पुग्नासाथ बुद्ध बिरामी भए। बिरामीको कारणले उनी अत्यन्त पीडित भए। आफ्नो वेदनाबारे कसैलाई केही भनेनन्। तर बुद्धले चुपचाप शरीर त्याग्नु उचित होइन भन्ने विचार गरे उनले आज म मर्नु भन्दा पहिला आफ्नो परिचारिकाहरुलाई सूचना दिनु पर्दछ साथै भिक्षु संघसंग बिदालिनु उचित हुन्छ भन्ने ठाने। अतः इच्छाशक्ति बाट रोगलाई भित्र भित्रै च्यापेर हिंडिरहे ।

बेलुवा गाउँ पुग्नासाथ बुद्धले आनन्दलाई बोलाएर भने, " अब संघलाई मेरो आवश्यकता के छ ? जुन सिद्धान्त मैले सिकाएँ त्यो स्पष्ट नै छ। जुन अर्थहरु मैले मेरो सिद्धान्त बारे बताएको छु त्यसमा अन्य कुनै अर्थ लुकेको छैन, मैले कुनै पनि कुरा लुकाएको छैन। सबै तिमीहरूलाई भनि सकेको छु। आनन्द, म बूढो भएँ। मेरो उमेर असी वर्षभन्दा बढी भइ सक्यो। आफ्नो व्यवस्था आफैं गर' आफ्नो द्वीपमा बस, त्यो द्वीप अरु केही होइन, त्यो सिद्धान्त हो जो मैले तिमीलाई सिखाएको छु।

वर्षावास समाप्त भएपछि संघ त्यहाँबाट प्रस्थान गरी



Downloaded from http://www.dhamma.digital

उनीहरु चुन्दको आम्रवनमा पुगे । चुन्दले यो सुखद समाचार सुनेर बुद्धको दर्शन गर्न गए । बुद्धको उपदेश सुनेपछि अर्को दिनको भोजनका निम्ति भिक्षुसंघसहित लाई आमन्त्रण गरे । आफ्नो समयमा बुद्ध आफ्ना अनुयायीहरुको साथमा चुन्दको घरमा भोजनकोलागि प्रस्थान गरे । चुन्दले सम्पूर्ण भिक्षुसंघलाई राम्रो भोजन गराए । भोजनमा एक प्रकारको च्याउ पनि थियो । यो च्याउ खाएपछि बुद्धको रोग बढ्दै गयो । रोग बढ्दै गए तापनि बुद्धको आफ्नो यात्रा रोकिएन । उनी हिंडि नै रहे र कुशीनगर नजिकै गाउँमा पुगे । त्यहाँ बुद्ध हिरण्यवती नदीको किनारामा शाल वनमा बसे । आनन्दले दुईटा शालको रुखको बीचमा शय्या बनाइदिए । बुद्ध त्यहाँ आराम गरी पल्टे । यहाँ बुद्धले फेरि आफ्नो अन्तिम कुराहरु दोहऱ्याए, जुन चीज महत्वपूर्ण छ त्यो उपदेश मात्र हो उपदेश दिने व्यक्ति होइन भनेर भने, " आनन्द, मेरो मृत्यु पछि सम्भवतः तिमीहरुको मनमा अब हाम्रो कोही पथप्रदर्शक छैन उपदेश दिनले देखा आदि विचार उत्पन्न हुन सक्छ । आनन्द, यो दृष्टिकोण ठीक र सही होइन । धर्म विनय मैले भने र स्पष्ट पनि गरेको म मरेपछि त्यसलाई नै आफ्नो गुरु मान्नु पर्दछ । "

बुद्धले भिक्षुसंघलाई पनि सम्बोधन गर्दै भने कुनै पनि चीज, जुन रुपमा प्राप्त भएतापनि त्यो एकदिन नाशवान् नै



Downloaded from http://www.dhamma.digital

हुन्छ । पूर्णताको लागी अघि बढ ।

यति भनेपछि बुद्ध ध्यान मग्न भए र उनले देह त्यागे । उनको दाह संस्कार राजकीय विधिअनुसार गरियो ।

अनित्यताको ज्ञान हुँदा हुँदै पनि बुद्ध निर्वाण भएपछि भिक्षुहरु रुन थाले । तर सुभद्रलाई बुद्धको निर्वाण भएकोमा प्रसन्नता थियो । सुभद्र बुढा भएपछि मात्र संघमा प्रवेश गरेका थिए । उनले सबैलाई सुनाएर भने, "भिक्षुहरु छोरे रोइसक्यौ। यो शोक समाप्त गर । यो नगर, त्यो नगर, यो गर, त्यो गर, भन्ने व्यक्ति गयो । बुद्धको आज्ञा पालन गर्नु पर्ने बाध्यता बाट मुक्त भइयो । अब हामी आफू खुशी गर्न पाउँछौ, जो गर्न चाहदैनौ, त्यो गर्दैनौं ।"

यो सुनेर भगवान बुद्धको एक जना प्रमुख शिष्य महा-कश्यपले विचार र अनुभव गरे कि अब पहिलो जस्तो संघ अनुशासित भएर बस्न सक्दैन । न त नियमहरु कठोरतापूर्वक पालन गर्न सक्ला । थाहा छैन सबै साथ बस्छन या आफूखुसी बस्छन । उनले सोचे यो कुरा हुनु भन्दा पहिले नै बुद्ध वचनहरुलाई प्रमाणित रुपमा एकगीकरण छिटो भन्दा छिटो गर्न उचित हुन्छ । आफ्नो विचारलाई कार्यरुपमा परिणत गर्न उनले राजगृहका राजा अजातशत्रुको सहयोगबाट एउटा सभा बोलाउने निश्चय गरे, र सभामा पाँचसय जना अरहन्तहरुलाई निमन्त्रणा



Downloaded from http://www.dhamma.digital

गरे । त्यस सभाको सभापतित्व कश्यपले नै गरे । सभामा बुद्धको उपदेश सम्झेर दोहऱ्याए र त्यसलाई क्रमबद्ध गराए । उपाली र आनन्दले उपदेशलाई, सूत्रहरुमा परिणत गर्न विशेष योगदान दिए । कश्यपको प्रश्नहरुबाट संघको सबै नियम र उपदेशहरु एकत्रित गराएर त्यसलाई कण्ठस्थ पनि पारे । त्यो शासन-सभा सात महिनासम्म चल्यो ।

बुद्धका उपदेशलाई कण्ठस्थ गर्ने परम्परा चल्दै गयो र ईशा जन्मनु भन्दा आठ वर्ष पहिला पूर्व लंकामा भएको चौथो संघायनले बुद्धको उपदेशलाई लिपिबद्ध गरायो ।

बुद्धवाणीलाई तीन भागमा विभक्त गराएको छ । जसलाई त्रिपिटक भन्दछन् । यी तीन भागका तीन नामहरु छन् । पहिलो विनय- संघको आचरण सम्बन्धी नियम । दोश्रो सूत्र बुद्धद्वारा समय-समयमा दि[illegible]को संग्रह, तेस्रो अभिधम्म उपदेशहरुको दार्शनिक र मनोवैज्ञानिक आधारहरु । यो कार्य ( शासन-सभा ) तेश्रो संघायनमा पूर्ण गरेका थिए जो ईशाको जन्म हुनुभन्दा २४६ वर्ष पहिला भएको थियो ।

बुद्धको उपदेश, सूत्रको रुपमा, जो हामीले पाएका छौ र हाम्रो सामु आएको छ, त्यस सम्बन्धमा केही स्पष्ट जानकारी गर्नु आवश्यक छ । बुद्धको कठिन भन्दा कठिन उपदेश तथा उनका प्रमुख शिष्यहरुको उपदेशहरु पनि सरलतरिकाबाट कण्ठस्थ



Downloaded from http://www.dhamma.digital

गर्न सकिने किसिमले बनाइएका थिए । ती उपदेशहरूलाई लिखित रूपमा नराखी कंठस्थ गर्ने प्रक्रिया वस्तुतः त्यसकारणले निश्चित गरिएको त्यस बखत उपयुक्त कागज, मसी उपलब्ध थिएन होला । उपदेशहरूलाई सूत्रको रूपमा दिनु भन्दा कण्ठस्थ गर्न सकिने पर्ने भयो । कंठस्थ गर्ने प्रचलन बुद्धको समयका अनेक भारतीय उपदेशकहरूले पनि अपनाएका थिए । चीन र ग्रीसका गुरुहरूले पनि आफ्नो उपदेश सुरक्षित राख्नको लाथि कंठस्थ गर्ने प्रक्रिया नै अंगालिएका थिए ।

यो पुस्तक त्रिपिटकको आधार लिएर लेखिएको छ ।



Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital